का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ पुस २०८२
आइतबार
21 December 2025
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३११ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




नेकपा एमाले प्रतिनिधि सभा पुनर्स्थापनालाई मुख्य मुद्दा बनाएर अगाडि बढेको छ । नेपाली कांग्रेसभित्र पनि प्रतिनिधि सभा पुनर्स्थापनाप्रति बलियो मत छ । यही बेला मिरज ढुगांनालगायतका जेनजी अगुवाले समेत सर्वपक्षीय सरकार भन्न थालेपछि चुनावप्रति संशय थप बढेको हो ।

# चुनावप्रति संशय यथावत्

## संसद् ब्युँताउने प्रयत्नमा दलहरू



फरार सार्पसुटर, कैदीबन्दी र लुटिएका हतियार खोज्नेतिर सरकार लागेको छैन । प्रधानमन्त्री भइसकेका नेतालाई उपत्यकाबाहिर जान रोक लगाइएको छ । अनि कसरी हुन्छ चुनाव ?'

■ **डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**



निर्वाचनको मिति ६ महिना, एक वर्ष सार्ने हल्ला सुनेको छु । सरकारलाई हामी भन्न चाहन्छौं- कुनै तर्क र वाहनामा निर्वाचन सार्ने दुस्साहस नगर्नुहोला ।

■ **प्रचण्ड**
**संयोजक, नेपाली कम्युनिस्ट पार्टी**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ५ पुस

आगामी फागुन २१ गतेका लागि तय भएको निर्वाचनको मिति नजिकिँदो छ । तर राजनीतिक दलहरू र सरोकारवालामा समेत चुनावप्रति संशय यथावत् रहेको देखिन्छ ।

सरकार चुनावको तीव्र तयारी गरिरहेको दाबी गर्दै चुनाव हुने विश्वास दिलाउने प्रयासमा छ । तर राजनीतिक दल विश्वस्त हुन सकेका छैनन् । तथापि निर्वाचन सम्बन्धमा राजनीति दलबीच समेत समान मत देखिन्छ ।

जेनजी आन्दोलनपछि सत्ता गुमाउन पुगेका नेकपा एमाले प्रतिनिधि सभा पुनर्स्थापनालाई मुख्य मुद्दा बनाएर अगाडि बढेको छ । एमालेसँगै सत्ताच्युत भएको नेपाली कांग्रेसभित्र पनि प्रतिनिधि सभा पुनर्स्थापनाप्रति बलियो मत छ । तर नेपाली कम्युनिस्ट »» पृष्ठ २ मा

### जेनजी विभाजित

भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्न गत भदौ २३ र २४ गते भएको जेनजीको आन्दोलनपछि बनेको वर्तमान सरकारले जेनजीका भावना समेट्न नसकेको टिप्पणी गर्दै आएका छन् ।

वर्तमान सरकारले आन्दोलनको भावना अनुरूप काम नगरेको जेनजी आन्दोलनका अगुवाहरूको दाबी छ । जेनजी आन्दोलनविरुद्धमा षड्यन्त्र गर्न उद्धत भएकाले भन्दै उनीहरूले वर्तमान सरकार अपदस्त गर्ने बताएका छन् ।

उनीहरू सर्वपक्षीय सहमति, सर्वपक्षीय सरकार र संविधान पुनर्लेखन संशोधनको निम्ति संयुक्त जेनजी आन्दोलन समिति नै बनाएर अघि बढेका छन् । »» पृष्ठ २ मा

# भ्रष्टाचारमा मुछिएकालाई निर्वाचनमै रोक्ने प्रयास

निर्वाचन आयोगले भ्रष्टाचारसम्बन्धी अनुसन्धानमा रहेका व्यक्तिलाई चुनावमा उम्मेदवार हुन रोक्न खोजेको छ । दलहरू पनि सकभर विवादित र आरोपित पात्रलाई निर्वाचनमा उम्मेदवार नबनाउने नीतिमा देखिन्छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ पुस

२१ फागुनमा तय भएको प्रतिनिधि सभाको निर्वाचनको मिति नजिकिँदै गर्दा निर्वाचन आयोग उम्मेदवारको योग्यता र स्वघोषणा गर्नुपर्ने विषयमा केन्द्रित भएको छ । ताकि, स्वच्छ र निष्पक्ष व्यक्ति सांसद् बन्न सकून् । निर्वाचन आयोगले उम्मेदारले स्वघोषणा गर्नुपर्ने विषयहरूको मस्यौदा तयार पारेको छ । जसमा भ्रष्टाचार, गैरकानुनी लाभ, आर्थिक अपराधसम्बन्धी अनुसन्धानमा नरहेको हुनुपर्नेलगायतका विषय छन् ।

'कुनै भ्रष्टाचार जन्य कसुरमा



अनुसन्धानमा नरहेको तथा सो कसुरमा मुद्दा दायर नभएको वा सुरु अदालतबाट भ्रष्टाचार ठहर भई पुनरावेदनको रोहमा मुद्दा विचाराधीन नरहेको' प्रस्तावित स्वघोषणामा उल्लेख छ । यसका अलावा कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकायको फैसलाबाट ठहर भएको कैद वा जरिमाना असुलउपर हुन बाँकी नभएको, अन्तिम लेखा परीक्षणबाट रकम असुल गर्नुपर्नेगरी व्यक्तिगत रूपमा बेरुजु कायम नभएको, प्रचलित कानुनबमोजिम पक्राउ पुर्जी जारी भएकोमा पक्राउ हुन नसकी फरार नरहेको लगायतका विषय समेटिएका छन् ।

प्रचलित कानुनबमोजिम कुनै सरकारी निकायलाई बुझाउनुपर्ने कर, राजस्व, शुल्क, दस्तुर तिर्न बुझाउन बाँकी नरहेको विषय पनि स्वघोषणामा छ । नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा कार्यान्वयन हुने वा भइरहेका विकास निर्माणका कार्यमा बोलकबोल भई ठेक्का सम्झौता भएको अवस्थामा तोकिएको समयमा कार्य सम्पन्न नगरी त्यस्तो निर्माणको काममा बाधा व्यवधान नपुर्‍याएको हुनुपर्ने भनिएको छ ।

निर्वाचन आयोगले तय गरेअनुसार सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउनेगरी कुनै »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# केही म्यानपावरले कोषमा जम्मा गर्नेभन्दा बढी रकम उठाएको आरोप

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ मंसिर

वैदेशिक रोजगारमा जाने कामदारलाई सामाजिक सुरक्षा कोषमा बुझाउने रकमका बारेमा म्यानपावर कम्पनीबाट झुक्याइएको छ ? २५औं अन्तर्राष्ट्रिय आप्रवासी दिवसका अवसरमा यो प्रश्न स्वयं सामाजिक सुरक्षा कोषका अधिकारी तथा सरोकारवालाहरूबाट गम्भीर रूपमा उठेको छ ।

सामाजिक सुरक्षा कोषका अनुसार गत सातासम्म वैदेशिक रोजगारमा गएका २० लाख ३१ हजार बढी कामदार कोषमा आबद्ध भएका छन् । श्रम स्वीकृतिका लागि उनीहरूले २२ सय रुपैयाँ कोषमा खाता खोली जम्मा गर्नुपर्छ भने नियमित योगदानका लागि पनि मासिक त्यति नै जम्मा गर्नुपर्छ ।

वैदेशिक रोजगारमा जाने कामदारबाट हालसम्म १ अर्ब ७५ करोड ४३ लाख भन्दा धेरै रकम कोषमा जम्मा भएको छ । कोषले विभिन्न शीर्षकमा हालसम्म १८ अर्ब रुपैयाँभन्दा बढी भुक्तानी गरिसकेको छ । तर वैदेशिक रोजगारका लागि रकम जम्मा गरेका १० प्रतिशत हाराहारीले मात्र नियमित रूपले रकम जम्मा गरेका छन् । त्यसका लागि म्यानपावर कम्पनीहरूले कामदारलाई जानकारी नदिएको अवस्था रहेको कोषका निर्देशक रोहित रेग्मीले बताए ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले शुक्रबार राजधानीमा आयोजना गरेको कार्यक्रममा उनले वैदेशिक रोजगारमा जाने श्रमिकलाई सुरुमा कति रकम कोषमा जम्मा गर्नुपर्छ र आफू तथा आफ्नो परिवारका लागि नियमित लाभ लिन मासिक कति रकम योगदान दिनुपर्छ भन्ने जानकारी म्यानपावर कम्पनीबाट नदिइएको देखिएको बताए ।

निर्देशक रेग्मीले भने, 'केही म्यानपावर कम्पनीले कोषमा जम्मा गर्ने भन्दा बढी रकम उठाएको, केहीले कोषमा जम्मा गर्ने रकम छुट्याएर नलिई एकमुस्ट रकम लिएको जस्ता »» पृष्ठ २ मा

# सुल्झिएन कांग्रेस क्रियाशील सदस्यता विवाद



केन्द्रले केन्द्रीय समितिको निर्णयअनुसार गरेको परिपत्र पालना गर्नु मातहत समितिको जिम्मेवारी हो । हामी एकदमै समयको चापमा छौं । चुनावसँगै १५औं महाधिवेशनको तयारीका सम्बन्धमा क्रियाशील सदस्यताको काम चाँडो सक्नु छ ।

■ **डा. प्रकाशशरण महत**
**प्रवक्ता, नेपाली कांग्रेस**



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ५ पुस

आन्तरिक महाधिवेशन र अन्तरपार्टी चुनावी प्रतिस्पर्धाको तयारी जुटेको नेपाली कांग्रेस दोहोरो दबाबमा छ । छोटो समयमा १५औं महाधिवेशन सकेर आमचुनावमा होमिनुपर्ने दबाबमा रहेको कांग्रेस केन्द्रीय समितिले तल्लो तहका समितिलाई आवश्यक तयारीका सम्बन्धमा परिपत्र गरिसकेको छ ।

महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण तथा वितरण र चुनावका लागि इच्छुक उम्मेदवारको नाम सिफारिससहितको जिम्मेवारी पार्टीले जिल्ला तहलाई दिएको छ । तर केन्द्रको निर्देशन जिल्ला तहले अवज्ञा गरेका छन् ।

मंसिर १५ गतेको केन्द्रीय कार्यसमितिको बैठकले मंसिर मसान्तसम्म प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उम्मेदवार सिफारिस गर्न मातहतका निकायलाई निर्देशन दिएको थियो । मंसिर १५ मै मुख्यसचिव कृष्णप्रसाद पौडेलले प्रतिनिधि सभाको प्रत्यक्षतर्फ एक महिला »» पृष्ठ २ मा

## धन्यवाद ज्ञापन

वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण शुल्क वृद्धिप्रति यस संघले असहमति व्यक्त गर्दै आइरहेको अवस्थामा नेपाल सरकारका माननीय मन्त्री राजेन्द्रसिंह भण्डारीज्यूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी सम्हालेको पहिलो हप्ताभित्रै वृद्धि भएपछिको शुल्क रु. ९,५०० लाई हटाई साबिककै शुल्क रु. ६,५०० कायम गरी सेवाग्राही नागरिकहरूको पक्षमा र सिन्डिकेट इतरका आम मर्यादित स्वास्थ्य व्यवसायीहरूको भावनाअनुरूप दुरदर्शी निर्णय गरिदिनुभएकोमा माननीय विद्वान मन्त्रीज्यूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । यसैगरी शुल्क वृद्धिको विपक्षमा चट्टान जस्तै अटल रहने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष श्री भुवनसिंह गुरुङज्यू र उहाँको कार्यसमिति, जेनजी आन्दोलनका अगुवा सुदन गुरुङ, सुप्रियाराज शाही नेतृत्वको जेनजी समूह, यो निर्णय गर्नका लागि मन्त्रीज्यूलाई सहयोग गर्ने मन्त्रालयका कर्मचारी, सचिवालयको सम्पूर्ण टिम र मिडियाकर्मी साथीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यो संकटको घडीमा कमभन्दा कम नाफा लिएर सर्वसाधारण कामदारको हितमा गुणस्तरीय स्वास्थ्य परीक्षण सेवा प्रदान गर्न र मन्त्रालयको निर्णयलाई सहर्स स्वीकार गरी सरकारलाई सहयोग गर्न सम्पूर्ण स्वास्थ्य संस्था सञ्चालकहरूमा हार्दिक अपिलसमेत गर्दछौं ।

**मदन कुमार पुर्बे**
अध्यक्ष

**स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल**
टोखा न. पा.-७, काठमाडौं, फोन नं. ०१-४९८५५५०

मध्यान्ह
www.madhyanhadaily.com
६ पुस २०८२ आइतबार
21 December 2025 Sunday

# समीक्षामा ईश्वर समूह
# नेतृत्व हस्तान्तरणको मुद्दा नियमित उठाउने

**काठमाडौं / मस-** नेकपा (एमाले) भित्रको आन्तरिक शक्ति सन्तुलन र आगामी भूमिकाबारे नेता ईश्वर पोखरेल नेतृत्वको समूहले छुट्टै भेला गरेको छ। पार्टी संगठन, नीति निर्माण प्रक्रियामा जोड दिँदै आएको यो समूहले छुट्टै भेला गरेको हो।

शनिबार काठमाडौंमा भेला गरेको पोखरेल समूह एकता, संस्थागत निर्णय र संगठनात्मक अनुशासनलाई प्राथमिकता दिने निष्कर्षमा पुगेको छ। सरकार केन्द्रित राजनीति भन्दा पार्टी निर्माण र दीर्घकालीन रणनीतिमा जोड दिने यो समूहले पछिल्लो समय चर्किंदै गएको गुटगत प्रतिस्पर्धाबीच सन्तुलन खोज्ने प्रयास गरिरहेको बताइएको छ।

यसका साथै ११औं महाधिवेशनमा उठाएका मुद्दाहरूलाई पार्टीको विधि विधानभित्र रहेर निरन्तर उठाउने निर्णय गरेको छ। भेलाले पार्टी पुनर्गठन, नेतृत्व हस्तान्तरण, जनताको बहुदलीय जनवाद (जबज)को आधारमा पार्टी निर्माण र आन्तरिक लोकतान्त्रिकरणका विषयलाई अघि बढाउने निष्कर्ष निकालेको एमाले उपमहासचिव योगेश भट्टराईले जानकारी दिए।



भट्टराईले मतपरिणामबाट विचलित नहुन र पार्टीलाई थप एकताबद्ध तथा सुदृढ बनाउन भूमिका खेल्ने अठोट गरिएको बताए। साथै, प्रतिनिधि छनोटदेखि बन्दसत्रसम्मका गतिविधिले पार्टीको लोकतान्त्रिक अभ्यासमाथि प्रश्न उठाएको भन्दै चिन्ता व्यक्त गरिएको थियो। पार्टीभित्र गुटबन्दी र पक्षपातपूर्ण प्रस्ताव आए प्रतिवाद गर्ने निर्णय पनि गरिएको भट्टराईले बताए। नेताहरूले पार्टीलाई थप एकताबद्ध र सुदृढ बनाउन निरन्तर भूमिका निर्वाह गर्ने बताएका छन्।

भेलामा नेत्री अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे र भट्टराईलगायतले महाधिवेशनमा आएको मतपरिणामका कारण विचलित नहुने, पार्टीमा आन्तरिक लोकतन्त्रको अभ्यास, पुनर्गठनलगायत मुद्दालाई विधानभित्र रहेर निरन्तर उठाउने बताए। भेलाले महाधिवेशनबारे विभिन्न कोणबाट छलफल भएको र देशव्यापी समीक्षा गर्ने निर्णयसमेत गरेको उपसहासचिव योगेश भट्टराईले जानकारी दिए।

उनले भने, 'भेलामा महाधिवेशनको घोषणा भएसँगै भएका गतिनिधिबारे समीक्षा भएको छ, प्रतिनिधि छनोटदेखि बन्दसत्र सञ्चालनसम्म भएका क्रियाकलापबारे छलफल भएको छ। कतिपय सन्दर्भमा लोकतान्त्रिक अभ्यासमाथि प्रश्न उठाएको र पार्टी संरचनाको दुरुपयोग भएको विषय पनि उठेका छन्। यी सबै विषयमा नेताहरूले विभिन्न कोणबाट कुरा राख्नुभएको छ।' भेलामा उठाइएका विषयहरूमा पुस २६ देखि २८ सम्म बस्ने केन्द्रीय समितिको बैठकमा समीक्षा हुने भट्टराईले बताए। उनले पार्टीलाई आगामी निर्वाचनमा अन्य दलहरूसँगको प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्न निरन्तर पार्टीको पक्षमा उभिने बताए। उनले अध्यक्ष केपी शर्मा ओलीको व्यवहारमा परिवर्तन नआएको उल्लेख गर्दै सामूहिक निर्णय र नेतृत्व हस्तान्तरको मुद्दा नियमति उठाइरहने बताए।

एमालेको ११औं महाधिवेशनमा अध्यक्ष पदमा ईश्वर पोखरेल ओलीसँग पराजित भएका थिए। पोखरेल नेतृत्वको समूहबाट पदाधिकारीमा उपमहासचिवमा योगेश भट्टराई र गोकर्ण विष्ट निर्वाचित भएका छन् भने दर्जन बढी केन्द्रीय सदस्यमा निर्वाचित भएका छन्।

## नेकपाको एकता सन्देश सभा
# निर्वाचनको मिति सार्ने दुष्प्रयास नगरियोस् : प्रचण्ड

**काठमाडौं / मस-** नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले निर्वाचनको मिति सार्ने दुस्साहस नगर्न सरकारलाई चेतावनी दिएका छन्। शनिबार काठमाडौंमा आयोजित पार्टीको एकता सन्देश सभामा बोल्दै उनले तोकिएको मितिमा निर्वाचन गराउने कामलाई सरकारले कुनै पनि तर्क र बहानामा सार्ने काम गरे सह्य नहुने चेतावनी दिए। संयोजक दाहालले मुलुकमा सहज ढंगले समयमै निर्वाचन होस् भन्ने आफ्नो पार्टीले चाहेको र त्यसपछि धकेल्ने काम सरकारले गरे त्यसकोविरुद्ध आफूहरु सडक संघर्षमा जाने समेत बताए। उनले निर्वाचन पछि धकेलेर सरकारले फेरि संविधान मिच्ने काम गर्न नहुने पटक-पटक दोहोऱ्याए। उनले भने,'हामीले भनेका छौं-सहज ढंगले निर्वाचन सम्पन्न होस्। सरकारलाई हामी भन्न चाहन्छौं, तपाईहरु कुनै तर्क र बहानामा निर्वाचनको मिति सार्ने दुःशाहस नगर्नु होला। यदि तपाईहरुले संविधान बारबार मिच्ने, एक चोटी त मिचिइसकिएको छ। त्यसमा हामीले देशको असहज स्थितिलाई हेरेर यो अन्तरिम सरकार बनाउन सहजीकरण गरेकै हो। तर फेरि यो सरकारले निर्वाचनको मिति सार्ने, यसलाई धकेल्ने काम गऱ्योभने फेरि संविधान मिचिन्छ। यो काम गऱ्यो भने हामी चुप लागेर बस्ने छैनौ। शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गरियोस। यदि त्यसो गरिएन भने, हामीमाथि खेलाची ठानियो भने यो शक्ति सडकमा आउनेछ। यसलाई कमजोरी नठानियोस्।' संयोजक दाहालले निर्वाचनलाई अघि बढाउने कुरामा कसैले पनि व्यवधान खडा गर्न नहुने बताए।




यस्तै उनले सबै कम्युनिष्ट पार्टीहरुलाई एकै ठाउँमा केन्द्रित गर्ने संकल्प लिएको बताए। संयोजक दाहालले आफूहरुले १६वटा कम्युनिष्ट पार्टीहरुलाई एकतावद्ध बनाएर अघि बढेको र त्यही एकताको आधारमा सहमती, सहकार्यको बाटोबाट सबै कम्युनिष्ट पार्टीहरुलाई एकै ठाउँमा उभ्याएर समाजवादतिरको यात्रालाई अघि बढाउन चाहेको समेत बताए। उनले एमाले अध्यक्ष केपी शर्मा ओलीप्रति लक्षित गर्दै विभिन्न छलकपट गरेर आफ्नै सहकर्मीहरुमाथि प्रतिशोध साँध्ने काम गरिरहेको आरोप समेत लगाए।

अध्यक्ष दाहालले भने, ' आफूलाई कम्युनिष्ट भन्नेहरुले विभिन्न छलकपट, जालप्रपञ्च गरेर आफनै सहयोद्धाहरुलाई पतिसोध साँध्ने पयास भईराखेको छ भने अर्कोतिर हामीले १६ वटा अब विस्तारै यसमा थपिदै जान्छ। सबै कम्युनिष्टहरुलाई एउटै ठाउँमा केन्द्रित गर्ने विचार नेपाली कम्युनिष्ट पार्टी यही एकताको, यही सहमती, सहकार्यको यही समाजवादतिरको यात्राको नेतृत्व गर्ने संकल्पसहित आएको पार्टी हो। त्यसकारकाण तपाई हामी सबैले यो कुरा बुझ्न जरुरी छ।' संयोजक दाहालले आफूहरुले जेन-जीहरुको माग सम्बोधन गर्ने कामलाई प्रमुखताका साथ अघि बढाएको समेत बताए।

सभामा सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आगामी निर्वाचनमा आफ्नो पार्टीलाई नेपाली जनताले बहुमत दिनुपर्ने बताए। सहसंयोजक नेपालले नेपाली कम्युनिष्ट पार्टी जनताको सपना साकार पार्ने अभियानमा छ कि छैन ? भन्नेकुराको अग्नी परीक्षामा सहभागी हुन पनि आगामी निर्वाचनमा जनताले बहुमत दिएर जनताको सेवा गर्ने अवसर प्रदान गर्नुपर्ने जिकिर समेत गरे।

### चुनावप्रति...

पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने चुनावको पक्षमा उभिएका छन्। देशका दर्जन बढी कम्युनिस्ट घटकबीच एकता गरेर नेपाली कम्युनिस्ट पार्टी बनाएका नेताहरू चुनावको पक्षमा उभिएको देखिन्छ। यद्यपि उनीहरू समेत वर्तमान सरकारले निष्पक्ष निर्वाचन गराउनेमा ढुक्क छैनन्।

रास्वपाले पनि चुनावको विकल्प खोजिनु नहुने बताएको छ। निर्वाचनमा मुख्य सरोकारवाला राजनीतिक दल नै निर्वाचनमा पक्ष र विपक्षमा उभिँदा यसले चुनावलाई अनिश्चिततातर्फ धकेल्न सक्ने संशय बढेको कतिपयको टिप्पणी छ।

नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला सरकारले चुनाव गराउन भयरहित वातावरण बनाउन बताउँछन्।

'जेनजी आन्दोलनका क्रममा फरार सार्पसुटर, ५ हजार कैदीबन्दी र लुटिएका कम्तीमा ७ सय हतियार खोज्नेतिर सरकार लागेको छैन,' विराटनगरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'प्रधानमन्त्री भइसकेका र पार्टीको नेतृत्वमा रहेका नेतालाई उपत्यकाबाहिर जान नपाइने भनेर भनेको छ अनि सरकार चुनाव गराउने भनेर भन्छ। कसरी हुन्छ चुनाव ?'

कांग्रेसले चुनावमा जानुपर्छ भने पनि सरकारबाटै चुनावको वातावरण नबनेको उनको भनाइ छ। आन्दोलनको बलमा संविधानलाई मिचेर बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले गरेका संसद् विघटनविरुद्ध सांसदहरू सर्वोच्च अदालत गएको कांग्रेस-एमालेका नेताहरूले बताएका छन्।

पूर्वप्रधानमन्त्री समेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकार ढाल्ने चेतवानी नै दिएका छन्। 'एमाले नेतृत्वलाई छोएको दिन देश ठप्प हुनुपर्छ। यो सरकार ढाल्नुपर्छ,' शुक्रबार एमालेको नवनिर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठकलाई सम्बोधन गर्दै उनले भनेका छन्, 'यो सरकारसँग संविधानलाई चलाउने कुनै अधिकार छैन। सरकार र जेनजीबीचको सम्झौता लागू हुन सक्दैन। एमालेले लागू हुन दिँदैन। कि चुनावको तयारी गर नत्र बाटो लाग्दा हुन्छ।'

सरकार आफैं चुनाव गर्नभन्दा नेताहरूमाथि झुटा मुद्दा लगाउन उद्यत देखिएको ओलीको आरोप छ। ओलीको यस्तो अभिव्यक्ति आएको दोस्रो दिन नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि चुनावको मिति सार्ने तयारी भएको आफूले सुनेको बताएका छन्। चुनावको विकल्पमा जान नहुने भन्दै उनले कुनै पनि तर्क र वाहनामा निर्वाचन सार्ने काम नगर्न सरकारलाई भनेका छन्।

'६ महिना, एक वर्ष निर्वाचनको मिति सार्ने हल्ला सुनेको छु,' उनले भने, 'हामीले भनेका छौं, सहज ढंगले निर्वाचन सम्पन्न होस्। सरकारलाई हामी भन्न चाहन्छौं, तपाईंहरू कुनै तर्क र बाहनामा निर्वाचन सार्ने दुस्साहस नगर्नुहोला।'

यदि निर्वाचन सार्ने काम भयो भने आफूहरू चुप लागेर नबस्ने भन्दै उनले सरकारको ध्यानाकर्षण गरे। 'सरकारले यो कुरालाई नजरअन्दाज गरेर ६ महिना समय थप्ने, एक वर्ष थप्ने हल्ला पनि सुनाउँछन् कोही कोहीले त्यो गऱ्यो भने देश फेरि दुर्घटनामा पर्छ। तर अबको दुर्घटनाको बेलामा नेपाली कम्युनिस्ट पार्टी रमिते हुनेछैन,' उनले भने।

### मौका हेर्दै कांग्रेस

कांग्रेसले कार्यसम्पादन समिति र केन्द्रीय कार्यसमिति बैठकबाट संस्थागत रूपमा प्रतिनिधि सभा पुनर्स्थापनालाई अदालतको संवैधानिक परीक्षणको विषय भन्दै निर्वाचनमा जाने निर्णय गरेको छ। तर व्यवहारमा आफ्नै निर्णयविरुद्ध गएको देखिन्छ।

'२१ फागुनका लागि प्रतिनिधि सभा निर्वाचन मिति घोषणा भइसकेको अवस्थामा वर्तमान राजनीतिको उचित निकास निर्वाचन नै हो भन्ने ठहर गर्दै कांग्रेस निर्वाचनमा भाग लिने निर्णय गर्दछ,' कांग्रेस केन्द्रीय कार्यसमितिले मंसिर ६ गते गरेको निर्णयमा उल्लेख छ।

कांग्रेसले संसद् पुनर्स्थापनामा जाने निर्णय नगरे पनि सांसदहरूको सार्वभौम अधिकारका लागि अदालत जाने विषय स्वाभाविक भएको नेपाली कांग्रेसकी निवर्तमान सांसद सीता गुरुङले बताइन्। 'यो पार्टीको निर्णय होइन्, हामी चुनावमै जाने भनेर निर्णय गरेका छौं,' उनले मध्यान्हसँग भनिन्, 'तर सांसदहरूले व्यक्तिगत तहबाट आफ्नो सार्वभौम अधिकारका लागि संसद् पुनर्स्थापनाको माग लिएर जानु ठिकै हो। सम्मानित आदलतले संसद् पुनर्स्थापना गरिदियो भने कांग्रेसले त्यसलाई स्वीकार गरेर जान्छ।'

प्रतिनिधि सभा पुनर्स्थापनाका लागि एमालेले संस्थागत रूपमा र कांग्रेसका ८ निवर्तमान सांसदले व्यक्तिगत रूपमा रिट दिइसकेका छन्। सो रिटलाई थप बलियो बनाउन बहुमत हस्ताक्षरसहित पूरक रिट दिने दुई दलका निवर्तमान सांसदहरूले तयारी गरेको एमालेका केन्द्रीय सदस्य महेश बर्तौलाले बताए। एमालेले आधिकारिक निर्णय नै गरेर प्रतिनिधि सभा पुनर्स्थापना गर्ने बाटोमा लागेको छ भने कांग्रेसका सांसदहरू व्यक्तिगत रूपमा भए पनि एमालेकै बाटो पछ्याएका छन्।

सांसदहरूले दायर गरेको रिटमा प्रधानमन्त्रीमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नियुक्ति गैरसंवैधानिक रहेको उल्लेख छ। 'गैरसंवैधानिक तवरले प्रतिनिधि सभाको सदस्य नभएको, कुनै राजनीतिक दलको संसदीय दलले समर्थन नगरेको धारा ७६ तथा धारा १३२ (२) विपरीत नियुक्त भएका प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति प्रथम दृष्टिमै असंवैधानिक भएको हुँदा निजको प्रधानमन्त्री पदमा भएको नियुक्तिविरुद्ध आदेश जारी गरिपाऊँ,' रिट निवेदनमा उल्लेख छ।

आइतबारसम्म ६५ जनाको हस्ताक्षर पुऱ्याएर सर्वोच्चमा पूरक रिट दिने तयारीमा रहेको कांग्रेसका पूर्वप्रमुख सचेतक श्याम घिमिरेले बताए। एमालेका निवर्तमान मुख्य सचेतक महेश बर्तौलाले पनि सबै सांसदहरूको हस्ताक्षर संकलन गरी अदालतमा रिट दिने बेलैमा बुझाइसकेको र फेरि संयुक्त रूपमा पूरक रिट पनि दिइने जानकारी दिए। 'हामीले कांग्रेससँग संयुक्त रूपमा बहुमत निवर्तमान सांसद्को हस्ताक्षरसहित पूरक रिट दिँदै छौं।

कांग्रेसका साथीहरूले हस्ताक्षर संकलन गरिरहनुभएको छ। उहाँहरूले ६५ जनाको हस्ताक्षर पुऱ्याएपछि पूरक रिट दर्ता गर्छौं,' बर्तौलाले भने। कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओलीबीचको सल्लाहबमोजिम नै सांसदहरू पुनर्स्थापनाको एजेन्डालाई बलियो बनाउन लागेका छन्। संसद् ब्युँतियो भने फेरि ठुलो दलको हिसाबले सभापति देउवा नै प्रधानमन्त्री हुने सपना देखेका छन्। तर त्यसका लागि सबै खालको परिस्थितिलाई आफू अनुकूल बनाउँदै लाने देउवाको योजना छ। तर सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले निर्वाचनका लागि आवश्यक सबैखालको तयारी भइरहेकाले चुनावको विकल्प खोज्न नहुने बताए।

### जेनजी...

जेनजी आन्दोलनलाई संस्थागत गर्न भन्दै विभिन्न ३० भन्दा बढी जेनजी समूहको संयुक्त बैठकले मिरज ढुंगानालाई संयोजक तोकेका छन्। सडकमा रहेका सबै जेनजी घाइते शहीद परिवार समेटेर लैजाने योजनाका साथ संयुक्त आन्दोलनका आगामी कार्यक्रम सार्वजनिक गरिने संयोजक ढुंगानाले बताए।

शनिबार ललितपुरको झम्सीखेलमा बसेको बैठकमा १ सय भन्दा बढी जेनजी र आन्दोलनमा सहभागी घाइते, शहीद परिवारसहितको उपस्थिति थियो। बैठकले कार्यकारी समिति बिस्तारका लागि मिरज ढुगांना, अजय सोडारी र सुनिल सिंहलाई जिम्मेवारी दिएको छ।

तथापि जेनजीका कतिपय समूह भने निर्वाचन सार्न नहुने भनेर सरकारमाथि खबरदारीमा छन्। जेनजीका कुनै समूह चुनावको पक्षमा र कुनै समूह विपक्षमा जस्तो देखिएकाले पनि चुनावप्रति संशय बढाएको छ।

### भ्रष्टाचारमा...

लाभको पद धारण नगरेको, अन्य कुनै पनि निर्वाचन क्षेत्रमा उम्मेदवारका लागि मनोनयनपत्र दर्ता नगरेको, कुनै पनि सरकारी निकायलाई कुनै जिन्सी वा नगदी बुझाउन बाँकी नरहेको, सरकारी पेस्की, बेरुजु तिर्न बुझाउन बाँकी नरहेकोलगायतका विषयमा समेत स्वघोषणा गर्नुपर्नेहुन्छ।

यसरी एकातिर निर्वाचन आयोगले भ्रष्टाचारसम्बन्धी अनुसन्धानमा रहेका व्यक्तिलाई समेत चुनावमा उम्मेदवार हुन रोक्ने प्रयासमा छ। अर्कोतिर राजनीतिक दलहरू पनि सकभर विवादित र आरोपित पात्रलाई निर्वाचनमा उम्मेदवार नबनाउने नीतिमा देखिन्छन्।

नेपाली कम्युनिस्ट पार्टीले शनिबार मात्रै यही पुस ११ भित्र उम्मेदवारको नाम सिफारिस गर्न आन्तरिक विशेष परिपत्र जारी गरेको छ। अबको सम्पूर्ण ध्यान निर्वाचन र उम्मेदवार चयनमा केन्द्रित गर्दै आन्तरिक परिपत्र गरेको नेकपाले उम्मेदवार बन्न कडा योग्यता र पारदर्शी मापदण्ड तय गरेको छ। उम्मेदवारको नैतिक र आर्थिक आचरणमा नेकपाले कुनै सम्झौता नगर्ने भनिएको छ। जसअन्तर्गत अदालतबाट भ्रष्टाचारमा दोषी ठहरिएका, कर वा राजस्व नतिरेका र कुनै पनि प्रकारको कालोसूचीमा परेका व्यक्ति उम्मेदवार बन्न पाउने छैनन्। साथै, वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन, घरेलु हिंसा वा यौन उत्पीडनजस्ता नैतिक पतन देखिने मुद्दामा दोषी ठहर भएका व्यक्तिलाई पनि उम्मेदवारको दौडबाट बाहिर राखिएको छ।

### केही...

गतिविधि देखिएका छन्। कोषमा रकम जम्मा नभई श्रम स्वीकृति हुँदैन भन्ने पनि कामदारलाई जानकारी नभएको विषय कोषमा आएका छन्। यस विषयमा संघका अध्यक्ष भुवनसिंह गुरुङलाई शिकायत गरेका छौं।'

वैदेशिक रोजगारको अवधि सकिएपछि पनि नियमित योगदानका लागि जनचेतना फैलाउन आग्रह गरिएको बताउँदै उनले भने, 'कोषबाट लाभ लिन कामदार आफैंले रकम जम्मा गर्नुपर्ने बाध्यता छैन। कामदार विदेशमा रहेको भएपनि नेपालमा रहेका उनीहरूका परिवार, आफन्त वा साथीभाइले पनि कामदारका तर्फबाट रकम जम्मा गरिदिन पाउने व्यवस्था छ। कोषले ६ महिनाभन्दा बढीको रकम एकमुस्ट जम्मा गरेमा २० प्रतिशतसम्म छुट दिने गरेको छ, नयाँ श्रम स्वीकृति लिन र त्यसलाई नवीकरण गर्न मात्रै हाल कामदारले शुल्क तिरेका छन्।' नियमित योगदान नगर्दा कामदार र उनीहरूका परिवारले कोषबाट पाउने सुविधा र अन्य लाभ पाउन सकेका छैनन्। कोषमा २० लाख बढी कामदार आबद्ध भए पनि ५ सय भन्दा कमले मात्रै कोषबाट सुविधा लिएको उनले बताए।

कोषले नियमित योगदानकर्तालाई स्वास्थ्य उपचार, दुर्घटना, आश्रित परिवार सुरक्षा प्रदान गर्ने गरेको छ। योगदान गर्नेलाई ६० वर्ष उमेरपछि ५ हजार ६ सय ३१ रुपैयाँसम्म असक्तता पेन्सन, दुर्घटना भए वार्षिक १ लाख रुपैयाँसम्मको उपचार खर्च, आश्रित परिवारलाई ३ हजार ७ सय ५४ रुपैयाँसम्म आजीवन पेन्सन र २१ वर्ष उमेरसम्म छोराछोरीलाई ३ हजार ७ सय ५४ रुपैयाँसम्मको छात्रावृत्ति पाउने व्यवस्था छ।

त्यस्तै वैदेशिक रोजगारको समय अवधि सकिएपछि एकमुस्ट रकम वा पेन्सन सुविधा पाइने व्यवस्था छ। नियमित योगदान भएको अवस्थामा वैदेशिक रोजगारीमा जाने कामदारलाई बुढेशकालमा आर्थिक भरथेग हुने पनि निर्देशक रेग्मीले बताए। उनले कोषले नेपाली कामदार रहेका मुलुकमा पुगेर कोषबाट प्रदान गरिने लाभका बारेमा जनचेतना फैलाउन चाहेको भएपनि नेपाल राष्ट्र बैंकले रकम विदेश लैजान नदिने गरेका कारण समस्या भएको बताए। नेपालले २०७९ साल चैत ८ गतेदेखि वैदेशिक रोजगारमा जाने कामदारलाई श्रम स्वीकृति अघि सामाजिक सुरक्षामा रकम जम्मा गराउन सुरु गरेको हो।

कामदारले पहिलो महिनाको तलब नपाउँदै सरकारी कोषमा रकम जम्मा गराउन लगाउनु अन्तर र्राष्ट्रिय प्रचलन विपरीत भन्दै भर्ना प्रक्रियाको कामदारको लागत व्यहोर्ने कतिपय रोजगारदाताहरूले अनिवार्य योगदानको आलोचना गरेका थिए। दक्षिणी एसियाली क्षेत्रीय ट्रेड युनियन परिषद्का महासचिव लक्ष्मण बस्नेतले सरकारले श्रम गन्तव्य मुलुकसँग गर्ने द्विपक्षीय श्रम सम्झौतामा रोजगारदाताले अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्नुपर्ने व्यवस्था गरे वैदेशिक रोजगारमा जाने कामदारको भविष्य आर्थिक रूपमा केही सुरक्षित हुने बताए।

### सुल्झिएन ...

अनिवार्यसहित तीन जनाको नाम सिफारिस गर्न निर्देशनसहितको परिपत्र गरेका थिए।

परिपत्रमा भनिएको छ, 'प्रतिनिधि सभा प्रत्यक्षतर्फका लागि बढीमा एक महिलासहित तीन जनाको नाम सिफारिस गर्ने।' त्यस्तो सिफारिस गर्दा पार्टी विधानको धारा ३०, धारा ३३ (२) तथा धारा ६९ बमोजिमको योग्यता पुगेको हुनुपर्ने पनि उल्लेख गरेका थिए।

तर उक्त परिपत्रमा उम्मेदवार छनोटको विषय भएको अस्पष्ट भएको भन्दै जिल्ला कार्यसमितिहरूले स्पष्ट हुन चाहेपछि केन्द्रीय कार्यालयले १८ गते अर्को परिपत्र पनि जारी गऱ्यो। परिपत्रमा राष्ट्रिय सभा र प्रदेश सभामा बहाल सांसदहरूको नाम सिफारिस नगर्न उल्लेख गरियो। बहाल रहेका जनप्रतिनिधिबाहेकका आकांक्षीलाई मात्रै त्यसमा पनि एक महिलासहित तीन जना नबढाई पठाउनू भन्ने निर्देशन छ। यद्यपि दुईवटै परिपत्रलाई मातहतका समितिले उल्लंघन गरेका छन्। प्रतिनिधि सभामा एक महिलासहित तीन जनाको मात्रै नाम सिफारिस गर्न निर्देशन दिए पनि प्रत्यक्षतर्फ २० जनाको सम्म नाम राखेर पठाइएको छ। त्यो पनि तोकिएको समयमा गरिएको छैन। केन्द्रले दिएको समयसीमाअनुसार मंसिर महिनाभरि सबै जिल्ला तथा प्रदेशबाट उम्मेद्वारका प्रतिस्पर्धीहरूको सूची पठाइसक्नुपर्ने थियो। समयसीमालाई समेत उल्लंघन गरेको पाइएको छ।

दुईपटकको सर्कुलर नमानेपछि कांग्रेस केन्द्रीय कार्यालयले फेरि मंसिर २५ गते अर्को परिपत्र जारी गऱ्यो। परिपत्रमा मंसिर १५ र १८ गतेको परिपत्रमा तोकिएको मापदण्ड र तोकिएको संख्यामा उम्मेदवारको सिफारिस गर्न निर्देशन भएको सन्दर्भमा तोकिएको मापदण्ड र तोकिएको संख्यामा पार्टीको परिपत्र र नेपाली कांग्रेसको विधान २०१७ (संशोधनसहित)बमोजिम उम्मेदवारको सिफारिस गर्नू भनी पुनः ध्यानाकर्षण गराए पनि जिल्ला तहमा मिलाउन नसकेर आएका जति सबैको नाम पठाएको जिल्ला सभापतिहरूले बताएका छन्। 'केन्द्रको परिपत्रलाई उल्लंघन गरेको भन्दा पनि धेरै नेता साथीहरूको दबाब झेल्न नसकेर आकांक्षी जति सबैको नाम केन्द्रमा पठाएका हौं,' ओखलढुंगाका सभापति तेजेन्द्र खनालले भने, 'केन्द्रले निर्णय गरेर एक जनालाई टिकट दिई पठाउँछ। त्यसमा सबैले सहयोग गर्नुपर्छ।'

बुधबार काठमाडौं-७ ले प्रतिनिधि सभा प्रत्यक्षतर्फ १९ जनाको नाम सिफारिस गरेको उम्मेदवारमा सिफारिस भएका नेपाल विद्यार्थी संघका पूर्वमहामन्त्री सरोजकुमार थापाले जानकारी दिए। प्रदेश सभा सदस्यलाई सिफारिस नगर्न भने पनि नुवाकोट-२ बाट बागमती प्रदेशसभा सदस्य बहादुरसिंह लामा, रुपन्देही-१ बाट अब्दुल रज्जाक, सर्लाही-४ बाट वीरेन्द्रकुमार सिंह, पर्साबाट जनार्दनसिंह क्षेत्रीसहितलाई सिफारिस गरेका छन्। त्यस्तै, ओखलढुंगाबाट ६ जनाको नाम सिफारिस गरेको छ।

कांग्रेस केन्द्रीय कार्यालयका कर्मचारीहरूले मापदण्डविपरीतका सिफारिस बुझेर राखेर पनि दर्ता नगरेको बताएका छन्। 'तीनपटक परिपत्र गरे पनि मापदण्डविपरीत सिफारिस आएका छन्। त्यस्ता सिफारिसलाई हामीले दर्ता नगरी राखेका छौं,' एक कर्मचारीले मध्यान्हलाई बताए।

तर मातहतका समितिले त्यो निर्देशनलाई उल्लंघन गरेपछि अब पठाइएका सिफारिस कार्यान्वयन हुन्छन् कि हुन्नन् भन्ने प्रश्न उब्जिएको छ।

उम्मेदवार सिफरिस मात्रै होइन १५औं महाधिवेशनका लागि क्रियाशील सदस्य नवीकरण र वितरणको कामसमेत ढिला भइरहेको छ। पुस ३ गतेसम्म पठाइसक्नुपर्ने नवीकरण र ८ गतेसम्म नयाँ क्रियाशीलको विवरण जिल्लाजिल्लाले नै तयार पारेका छैनन्। नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले पनि केन्द्रको मापदण्ड मातहतका समितिले पालना गर्नुपर्ने बताए। 'क्रियाशील सदस्यता वितरण र नवीकरणको कामसमेत ढिला भइरहेको छ,' उनले मध्यान्हसँग भने, 'कांग्रेस अहिले दोहोरो दबाबमा परेकाले तल्लो तहका कार्यसमितिहरूले केन्द्रको निर्देशन फलो गरे मात्रै पार्टीले सफलता हासिल गर्छ। नत्र समयको चापले एकदमै कठिन हुन्छ।'

कतिपय जिल्ला र क्षेत्रबाट तोकिएको मापदण्डविपरीतका सिफारिस भएर आएका विषयमा संसदीय बोर्डले निर्णय लिने उनले बताए। 'केन्द्रले केन्द्रीय समितिको निर्णयअनुसार गरेको परिपत्र पालना गर्नु मातहत समितिको जिम्मेवारी हो। हामी एकदमै समयको चापमा छौं। चुनावसँगै १५औं महाधिवेशनको तयारीका सम्बन्धमा क्रियाशील सदस्यताको काम चाँडो सक्नु छ,' प्रवक्ता महतले भने।


## महादेवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशन मितिः- २०८२/०९/०६)

प्रस्तुत विषयमा यस महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा सप्तरीको मिति २०८२/०६/२८ गते प्रकाशित eGP मार्फत बोलपत्र अह्वान सम्बन्धी सूचना बमोजिम मिति २०८२/०७/२७ सम्म पेश हुन आएका बोलपत्रहरूको मूल्यांकन गर्दा मूल्यांकन समितिको निर्णय बमोजिम देहायको बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. स. | ठेक्का न. | योजनाको नाम | स्वीकृतको लागि छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | रकम (मु.अ.कर र P.S. समेत) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | MRM/NCB/ WORKS/2082/83-01 | Mahadeva wada no.- dekhiwada no.-6 samma Krishi Bhandaran Kaksha Nirman | Bhumiputra Construction Pvt.Ltd., Dakneshwari-8 | 2,85,10,333.46 | |

प्रमुख प्रशासकीय अधिकृत

सरकारको एक सय दिन

# फजुल खर्च नियन्त्रण र वित्तीय सुशासनमा ठोस कदम चालेको दाबी

**काठमाडौं/मस-** अन्तरिम सरकारको एक सय दिन पुगेको छ । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि भदौ २७ गते गठन भएको सरकारको सय दिन पूरा भएको हो । सरकारको १०० दिनको अवधिमा प्रधानमन्त्री सुशीला कार्कीले फजुल खर्च नियन्त्रण र वित्तीय सुशासनमा ठोस कदम चालिएको बताएकी छन् ।

१०० पुगेको अवसरमा प्रधानमन्त्रीले सम्बोधन गर्दै सो कुरा बताएकी हुन् । उनले पदमा रहँदा र अवकाश भइसकेपछि पनि कतिपयले लिइरहेको अनधिकृत र अवाञ्छित सुविधा कटौती गरेर जनताले तिरेको कर जोगाइएको बताइन् । 'मापदण्डविपरीत खटिएका ५ सय सुरक्षाकर्मी र सवारी साधन फिर्ता गरी जनताको सेवामा परिचालन गरिएको छ, अनावश्यक ३८ वटा कार्यालय खारेज र ३ सय २३ वटा दरबन्दी कटौती गरेर राज्यको व्ययभार घटाइएको छ,' प्रधानमन्त्री कार्कीले भनिन्,'एक खर्ब १९ अर्ब बराबरको बजेट पुनःप्राथमिकीकरण गरी विकासका ठूला आयोजनामा स्थानान्तरण गरिएको छ, थलिएका व्यवसायीका लागि 'एकीकृत व्यावसायिक पुनरुत्थान योजना' कार्यान्वयनमा ल्याइएको छ ।'

'हेलो सरकार'मार्फत ५० हजारभन्दा बढी गुनासा सम्बोधन गरिएको र काठमाडौंमा दैनिक २० करोड लिटर मेलम्चीको पानी सुनिश्चित गरिएको छ भने राष्ट्रिय प्रसारण लाइनमा १ सय १ मेगावाट विद्युत थपिएको प्रधानमन्त्रीको भनाइ छ ।

'जेन-जी' आन्दोलनले हाम्रा सडकमा एउटा फरक कम्पन पैदा गर्यो, त्यो छटपटी र त्यो आक्रोशले हाम्रो समाजलाई केही हदसम्म बिथोल्ने प्रयास गरे पनि, त्यसको भित्री सन्देशलाई सरकारले गम्भीरतापूर्वक लिएको छ' प्रधानमन्त्री कार्कीले भनिन्,'एउटा जीवन्त लोकतन्त्रको सौन्दर्य नै यही हो कि यसले हरेक संकटको निकास सडकको हिंसाबाट होइन, संवाद र जनताको



मतबाट खोज्छ ।'

निर्वाचनका लागि सरकारले आफ्नोतर्फबाट सम्पूर्ण तयारी पूरा गरेको र सुरक्षाको सवालमा कुनै कसर बाँकी नराख्ने उनको भनाइ छ । 'एकीकृत निर्वाचन सुरक्षा योजना' स्वीकृत भइसकेको र नेपाली सेनाको परिचालन सुनिश्चित गरिएको समेत १ सय दिनको उपलब्धिमा उल्लेख छ ।

'आन्दोलनका क्रममा लुटिएका एक हजार ३ सय ४२ थानमध्ये अधिकांश हतियार बरामद गरिसकिएको छ, यस अतिरक्त अन्य ३२ थान हतियार पनि प्रहरीले नियन्त्रणमा लिएको छ" प्रधानमन्त्रीले कार्कीले भने, 'क्षतिग्रस्त भएका ४ सय ६५ वटा प्रहरी कार्यालयलाई पुनः सञ्चालनमा ल्याइ सुरक्षा व्यवस्थालाई अभेद्य बनाइएको छ ।' प्रधानमन्त्री कार्कीले निर्वाचन आयोगलाई आवश्यक ६ अर्ब ७३ करोड बजेट सुनिश्चित गरिएको र मतदाता नामावली ऐनमा संशोधन गरी निर्वाचनको मिति घोषणापछि पनि आठ लाख ३७ हजार नयाँ युवालाई मताधिकार सुनिश्चित गरेका बताइन् ।

'आज एक करोड ८१ लाखभन्दा बढी नेपालीको हातमा देशको भाग्य बदल्ने साँचो छ, ११४ वटा राजनीतिक दल यस प्रक्रियामा सहभागी हुनुले हाम्रो लोकतन्त्रको जरा कति बलियो छ भन्ने प्रमाणित गर्छ' उनले भनिन्,'विचारमा मतभेद भएपनि देशलाई निकास दिन हामी सबै एक ठाउँमा छौं ।'

भदौ २३ र २४ को त्यो दुःखद् घटनापछि देश फेरी शान्तिको बाटोमा फर्किएको र ती घटनामा ज्यान गुमाउने योद्धालाई शहीद घोषणा गरी घाइते योद्धाको उपचारका साथै जीविका सुनिश्चित गर्ने प्रक्रिया अघि बढाइएको उनको भनाइ छ ।

साथै, क्षतिग्रस्त संरचनाको पुनःनिर्माणका लागि 'भौतिक पूर्वाधार पुनःनिर्माण कोष'मार्फत काम थालिएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले ती नमीठा पललाई बिर्सेर एउटा सुन्दर र स्थिर भविष्य निर्माणतर्फ हातमा हात मिलाएर अघि बढ्नुपर्नेमा जोड दिइन् ।

कतिपयको मनमा निर्वाचन र सरकारले शान्ति सुरक्षाको ग्यारेन्टी दिन सक्छ त भन्ने विषयमा प्रधानमन्त्री कार्कीले भनिन्,'२०८२ फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन अब केवल एउटा कार्यतालिका मात्र रहेन, यो हाम्रो देशलाई स्थिरता दिने र नयाँ युगको सुरुवात गर्ने एक मात्र निर्विकल्प मार्ग हो, म तपाइँहरूलाई आश्वस्त पार्न चाहन्छु, चुनाव सार्ने वा रोक्नेजस्ता हल्ला पूर्णतःनिराधार र भ्रमपूर्ण छन् । यो सरकार तोकिएको समयमै, निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न चट्टानझैं दृढ छ ।'

प्रधानमन्त्री कार्कीले आजभन्दा १ सय दिनअघि देशको अवस्था हेरेर सबै राजनीतिक पक्षलाई विनम्र अनुरोध गर्दै उनले असामान्य परिस्थितिलाई सामान्य अवस्थामा फर्काउन मेरो मन्त्रिपरिषद्का सदस्य, सुरक्षा निकाय, राष्ट्रसेवक र नागरिक समाजका सदस्यले अथक प्रयास गर्नुभएको स्मरण गरिन् ।

उनले भनिन्,'फलस्वरुप मुलुकमा शान्ति स्थापना गरी स्थितिको सामान्यीकरण र कानुनको शासन बहालीमा सफलता मिलेको छ । खासगरी सुरक्षा निकायको मनोबल अहिले र आजका लागि मात्र होइन, दीर्घकालसम्म बढाउने काम गर्दै छौं ।'

प्रधानमन्त्री कार्कीले विगतमा शक्तिको आडमा दबाउन खोजिएका अपराध र भ्रष्टाचारका प्रकरणमा अनुसन्धान गर्ने निकायले हाल पूर्ण व्यावसायिक स्वतन्त्रताका साथ कारबाही अघि बढाएको र कारबाहीले जतिसुकै शक्तिशाली व्यक्ति वा पदाधिकारी भए पनि कानुनले उन्मुक्ति दिँदैन भन्ने मान्यता स्थापित गरेको भनाइ राखिन् ।

आगामी फागुन २१ गतेको निर्वाचनलाई परिवर्तनको ढोका उघार्ने एक राष्ट्रिय अनुष्ठानका रूपमा सम्पन्न गर्न र राष्ट्रिय एकताको सूत्रमा बाँधिएर देशलाई नयाँ दिशातिर लैजाऔं । यो निर्वाचनले नेपालको राजनीतिमा एउटा नयाँ, स्वच्छ र सुनौलो अध्यायको सुरुवात गर्ने प्रधानमन्त्रीको भनाइ छ ।

# देशभर १० हजार ९ सय ६७ मतदान स्थल



**काठमाडौं/मस-** आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभर कूल १० हजार ९ सय ६७ मतदानस्थल रहने भएको छ । निर्वाचन आयोगले सहज रूपमा मतदान गर्ने व्यवस्थाका लागि १ सय ६८ वटा मतदान स्थल थप गरेको छ ।

साविकमा दश हजार ८ सय ९२ मतदान स्थल रहेका थिए । यस्तै, प्रयोगमा नरहेका र समायोजित भएका ९३ वटा मतदानस्थल भने खारेज गरिएको छ ।

आम मतदातालाई सहज, सहज रूपमा मतदान गर्ने व्यवस्थाका लागि मतदानस्थल तय गरिएको आयोगले जनाएको छ । मतदातालाई अपायक परेका, प्रयोगका नरहेका मतदान केन्द्र खारेज गरी पायक पर्ने स्थानमा थप गरिएको हो ।

मतदानस्थल पुनरावलोकन गर्ने क्रममा मतदान स्थलको नाम, ठेगानामा रहेको त्रुटी सच्याउने, मतदातालाई पायक पर्ने स्थानमा आंशिक वा सबै मतदातालाई स्थानान्तरण गरिनेछ ।

यसैगरी, मतदातालाई साविककै अर्को मतदानस्थलमा समायोजनसमेत गरिएको छ । आयोगले यसअघि नै सार्वजनिक सूचनामार्फत मतदानस्थल पुनरावलोकनका लागि सूचनामार्फत जानकारी गराएको थियो ।

पुनरावलोकनको क्रममा कुनै मतदाताको नाम सम्बन्धित मतदानस्थलमा सार्न वा समावेश हुन छुट भएको भए दावी विरोध गर्न आग्रह गरेको थियो । एउटै वडाभित्र रहेको कुनै एक मतदानस्थलबाट आफूलाई पायक पर्ने अर्को मतदानस्थलमा नाम सार्नका लागि निवेदन दिन सक्ने व्यवस्था गरिएको आयोगले उल्लेख गरेको थियो ।

यस्तै, प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी भएसँगै आसन्न निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ समावेशी समूहको प्रतिशत निर्धारण पनि सहज भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा(१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा शुक्रकार प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गरेका छन् ।

नेपाल सरकारले २०७८को जनगणनाको प्रतिवेदनबमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसूची १ लाई संशोधन गर्न सिफारिस गरेको थियो । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसूची-१ मा राष्ट्रिय जनगणना २०६८ अनुसार समावेशी समूहको प्रतिशत उल्लेख छ ।

प्रतिनिधिसभा सदस्यअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८को जनसंख्याका आधारमा समावेशी आधार प्रतिशतका आधारमा दलहरूले उम्मेदवारको बन्दसूची पेस गर्नुपर्ने छ । उक्त प्रणालीका लागि आवेदन दिएका राजनीतिक दलले यही पुस १३ र १४ गते बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा तोकिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

# निर्वाचनको विकल्प छैन : रवि लामिछाने



**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले वर्तमान परि स्थितिमा निर्वाचनको विकल्प नरहेको बताएका छन् ।

कारागारबाट रिहा भएपछि चितवनको भरतपुरस्थित चौबिसकोठीमा आफ्ना कार्यकर्ता र शुभेच्छुकलाई सम्बोधन गर्दै उनले जेनजीले देखाएको सपना पूरा गर्न निर्वाचनको विकल्प नरहेको बताए । उनले नवपुस्ताका मागको सम्बोधन र निर्वाचन सम्पन्न गर्न दृढ रूपमा उभिने प्रतिबद्धता व्यक्त गरे । सभापति लामिछानेले भने, 'निर्वाचनअघि जेनजी आन्दोलनको बलमा बनेको सरकारले उनीहरूका सपना पूरा गर्ने हिम्मत र क्षमता देखाओस् । रास्वपा जेनजीका माग पूरा गर्न र निर्वाचन सम्पन्न गर्ने हकमा सरकारसँग सधैं खडा हुनेछ ।' उनले सुशासनका सवालमा सरकार दृढतापूर्वक उभिनुपर्नेमा जोड दिए । सभापति लामिछानेले भने, 'मेरो व्यक्तिगत माग केही छैन । जेनजीले जेका लागि बलिदानी दिएका थिए त्यो पूरा गर्न सरकार अडिग रहोस्, त्यसमा हामी साथ दिन्छौं । सुशासनका भाइ-बहिनीले बगाएको रगत, तिनका परिवारको सपनाबारे सरकारले कुनै कसर बाँकी नराखोस् ।' देश जटिल परिस्थितिमा उभिएकाले सबैले संयमित भएर काम गर्नुपर्नेमा जोड दिँदै उनले आवेग वा उत्तेजनामा काम गरेर केही हासिल नहुने धारणा राखे । सभापति लामिछानेले प्रतिशोधपूर्ण राजनीति आफूबाट नहुने र सधैं लोकतन्त्रमा विश्वास गर्दै जिम्मेवार भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

जेनजी आन्दोलनका घाइतेलाई भेटे कारागारबाट रिहा भएलगत्तै चितवन हुँदै काठमाडौं आइपुगेका सभापति लामिछानेले जेनजी आन्दोलनका घाइतेलाई भेट गरेका छन् । शनिबार काठमाडौं आएलगतै उनले उपत्यकाका विभिन्न अस्पताल पुगेर जेनजी घाइतेसँग भेट गरेका हुन् । घाइते भेट्नुअघि उनले बबरमहलस्थित जेनजी शहीद परिवार कल्याणकारी संस्थाको कार्यालय पुरेर जेनजी आन्दोलनका शहीद परिवारसँग छलफल गरेका थिए । सो क्रममा रविले सुशासन कायम गर्ने कुरामा सरकारलाई रास्वपाको पूर्ण साथ रहेको बताए । उनले जेनजी घाइतेहरूलाई आफू साथमा रहेको बताउँदै सपना पूरा गर्न लागिपर्ने पनि बताए ।

# १ सय २ बोरा अनुदानको मल बरामद

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ५ पुस

कपिलवस्तु नगरपालिका-१० स्थित पचेहराबाट १ सय २ बोरा अनुदानको मल प्रहरीले बरामद गरेको छ ।

कृषकका लागि ल्याइएको अनुदानको मल लुकाइछिपाई राखिएको अवस्थामा फेला परेको मल प्रहरीले बरामद गरेको हो । अनुदानमा उपलब्ध गराइएको युरिया र डिएपी मल एक स्थानीयको घरमा लुकाएर राखिएको सूचनाका आधारमा छापा मार्दा फेला परेको ईलाका प्रहरी कार्यालय पिपरा कपिलवस्तुले जनाएको छ । मलसँगै एक जना व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । ठगीको प्रयास



आरोपमा भारतीय पक्राउ

सुन, चाँदी र पित्तलका गरगहना सफा गर्ने बहानामा ठगी गर्ने प्रयास गरेको आरोपमा भारतीय एक नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । कपिलवस्तुको कृष्णनगर नगरपालिका-२ का स्थानीय बासिन्दालाई ठगी प्रयास गर्ने भारत विहारका २० वर्षीय सनी सोनीलाई प्रहरीले पक्राउ गरेको हो । सोनी बिहीबार दिउँसो करिब ४ बजे ठगीको गतिविधि गर्दै गरेको अवस्थामा पक्राउ परेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ । पक्राउ परेका सोनीलाई आवश्यक अनुसन्धानका लागि जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ ।

# मधेश प्रदेशको सभामुखका लागि दुई जनाको उम्मेदवारी दर्ता

**काठमाडौं/मस-** मधेश प्रदेश सभाको सभामुख पदका लागि दुई जना प्रदेश सभा सदस्यहरुले उम्मेदवारी दर्ता गराएका छन् ।

शनिबार बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म निर्धारित गरिएको मनोनयन दर्ताको समयमा सत्तारुढ ७ दलिय गठबन्धनको तर्फबाट जसपा नेपालका रामअशिष यादव र एमालेका त्रिलोकी प्रसादले सभामुख पदमा उम्मेदवारी दर्ता गराएका प्रदेशसभा सभिवालयका प्रवक्ता विपिन ठाकुरले जानकारी दिए । जसपा नेपालको प्रमुख सचेतकसमेत रहनुभएका यादवको उम्मेदवारीमा नेपाली काँग्रेसका प्रदेशसभा सदस्य वीरेन्द्रकुमार सिंह प्रस्तावक



तथा नेकपा (माओवादी केन्द्र)का फकिरा महतो समर्थक रहेका छन् । सभामुख उम्मेदवारी दर्ताअघि बसेको सात दलीय गठबन्धनको बैठकले यादवलाई सर्वसम्मत रूपमा साझा उम्मेदवार बनाउने निर्णय गरेको थियो ।

यता त्रिलोकी प्रसादको उम्मेदवारीमा नेकपा एमालेकी प्रदेश सभा सदस्य शारदादेवी थापा प्रश्तावक तथा जयचन्द्रप्रसाद पटेल समर्थक रहेका छन् । सभामुख उम्मेदवारी दर्ताअघि बसेको एमाले संसदीय दलको बैठकले त्रिलोकी प्रसादलाई आधिकारिक उम्मेदवार बनाउने निर्णय गरेको थियो ।


# दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**फारुलाचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउपत्र स्वीकृतगर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः२०८२/०९/०६)**

दार्मा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम बमोजिम मिति २०८२/०८/०८ मा विद्युतिय बोलपत्र खरिद प्रणाली र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहाय वमोजिमका खरिदकार्यको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरू खोली मूल्याङकनका लागि मूल्याङकन समितिमा पेश भएकोमा मूल्याङकन समितिको सिफारिसको आधारमा देहाय बमोजिमका शिलबन्दी दरभाउपत्रको कूल कबोल अंक न्यूनतम मूल्याङकित सारभुतरूपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ को बमोजिम सम्वन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | खरिद न. | कामको विवरण | ठेक्का कवोल गर्ने फर्मको नाम र ठेगाना | कूल कबोल अंक रू. (मु.अ.कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| 1. | DRM/SQ/W/B/01/2082/083 | Building Finishing Works of Sahid Pratisthan Building Darma-03 | O.H.H.S Construction and Suppliers, Chaurjahari Municipality Ward no-2, Rukum Paschim | 7,47,442.38 |
| 2. | DRM/SQ/G/M/01/2082/083 | Procurement and Supply of Veterinary Medicine at Darma Rural Municipality | Sisne Vet Pharma, Tulsipur-05, Dang | 7,91,253.00 |
| 3. | DRM/SQ/G/M/02/2082/083 | Procurement and Supply of Medicine at Darma Rural Municipality | Sagarmatha International Business Pvt Ltd, Tulsipur-5, Dang | 5,87,154.78 |

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# खेल संस्कृतिलाई अभियान बनाऔं

नेल्सन मन्डेलाले कुनैबेला भनेझैं खेलकुदसँग संसार बदल्ने शक्ति हुन्छ भन्ने थुप्रै दृष्टान्तले पुष्टि गरेका छन् । यो शक्ति केवल पदक वा जितमा मात्र सीमित हुँदैन । खेलकुदले आममानिसलाई एक ठाउँमा ल्याउँछ र विभाजित समाजलाई एउटै भावनामा बाँध्छ । त्यसैले नेपालजस्तो बहुजातीय, बहुभाषिक र भौगोलिक रूपमा विविध देशका लागि खेलकुद राष्ट्रिय एकताको प्रभावकारी माध्यम बनेको छ । पछिल्ला वर्षमा नेपाल प्रिमियर लिगजस्ता प्रतियोगिताले पनि त्यसलाई पुष्टि गरेको छ । भर्खरै कीर्तिपुर मैदानमा चलेको क्रिकेट उत्सव एनपिएलले झन्डै दुई महिनाअघिको निराशा र अन्योललाई थोरै भए पनि आशामा बदल्न मद्दत पुऱ्याएको अनुभूति धेरैले गरेका छन् । जेनजी आन्दोलन र लगत्तैको विध्वंसले आमरूपमा भय र अनिश्चयको स्थिति सिर्जना गरेको थियो । त्यहीबीचमा भएको एनपिएलले देशबाहिर नेपाल सुरक्षित छ भन्ने सन्देश पुऱ्यायो भने देशभित्र पनि सबै सकिएको छैन भन्ने सकारात्मक सोचको विकास गऱ्यो । खेलमा फरक प्रदेश, फरक पृष्ठभूमिका खेलाडी एउटै टिममा थिए । दर्शक पनि त्यही लयमा समर्थन गरिरहेका थिए । आफ्ना विचार, आस्था र पहिचान बिर्सेर एउटै टिमका लागि ताली बजाउनु सामान्य कुरा होइन । वास्तवमा यही नै खेलकुदको शक्ति हो ।

नेपाली क्रिकेट टिमको संरचना आफैंमा सिंगो देशको तस्बिर हो । जहाँ पहाड, तराईमधेस, र हिमाली भेगका खेलाडीको प्रतिनिधित्व छ । महिला क्रिकेट टिमले पनि त्यस्तै सन्देश दिएको छ । उनीहरूले खेलमार्फत महिला सशक्तीकरण र राष्ट्रिय एकतालाई सँगसँगै अघि बढाएका छन् । अर्को, खेलकुद निष्पक्षताको पाठशाला हो । यहाँ पहुँच वा हैसियतले होइन, क्षमताले स्थान पाइन्छ । हार स्वीकार्न र जितलाई नम्रतासाथ आत्मसात् गर्न खेलकुदले नै सिकाउँछ । आजको पुस्तामा यो संस्कार स्थापित गर्न सके भोलि जिम्मेवार नागरिक बन्न सक्छन् । जिम्मेवार नागरिकले मात्र राष्ट्रलाई एकताबद्ध राख्न सक्छ ।

फुटबल, भलिबल, क्रिकेट र मार्सल आर्टसँगै पछिल्लो समय म्याराथनले खेल संस्कृतिलाई फराकिलो बनाइरहेको छ । दौडमा सबै बराबर हुन्छन् । विद्यार्थी, किसान, महिला, वृद्ध सबै एउटै स्टार्ट लाइनमा उभिन्छन् । यो दृश्य नै राष्ट्रिय एकताको जीवित चित्र हो । खेलकुद स्वास्थ्य, पर्यटन र युवाशक्तिसँग पनि जोडिन्छ । युवा शक्तिलाई खेलमा आकर्षित गर्न सके उनीहरू हिंसा र निराशाबाट टाढा रहन्छन् । राष्ट्रिय एकता र सद्भावको माध्यम बनेको खेलकुदलाई प्राथमिकतामा राख्ने नीति र दीर्घकालीन सोचको खाँचो देखिन्छ । सँगै, विद्यालयदेखि समुदायसम्म खेल संस्कृति फैलाउनुपर्छ । खेलकुदमा लगानी गर्नु खेल प्रतियोगिता नियमित गर्नु मात्र होइन, बलियो राष्ट्रिय भावनासहित राष्ट्र निर्माण र एकतालाई अभिवृद्धि गर्नु हो । किनभने खेलकुद जित–हारभन्दा माथि उठेर देश जोड्ने शक्ति हो । त्यसैले खेललाई केवल खेल नठानौं । यसलाई साझा अभियान बनाऔं ।

# नयाँ बोतल, नयाँ पानी

*नेपाली नागरिकले पुराना बोतलमा नयाँ पानी र नयाँ बोतलमा पुराना पानी खोजेका होइनन् । नयाँ बोतलमा नयाँ पानीसँगै नयाँ राजनीतिक आनीबानी पनि नागरिकले चाहेका छन् ।*

अग्रलेख



● निष्णु थिङ

दोस्रो संविधानसभाको सेरोफेरोबाट नयाँ राजनीतिक दल र वैकल्पिक शक्तिको बहस हुन थालेको हो । विशेषगरी, संविधान जारी भएपश्चात् खुल्ला मञ्चको संविधान घोषणा सभा असोज ३ गते संविधान जारी गर्ने दलहरूका संयुक्त आयोजनामा भएको कार्यक्रममा तत्कालीन संवैधानिक संवाद समितिका सभापति डा. बाबुराम भट्टराईले बहिष्कार गरेर 'छक्कापञ्जा' चलचित्र हेर्न गोपीकृष्णमा गएपछि त्यसले बहसलाई सतहमा ल्यायो । लगत्तै, उनले नयाँ शक्ति नेपाल पार्टी दशरथ रङ्गशालामा हजारौं मानिसहरूको जमघटमा घोषणा गरेपछि त्यसले राजनीतिक आकार लिन थाल्यो । वैकल्पिक शक्तिको खाँचो रहेको औंल्याउँदै विवेकशील पार्टी, साझा पार्टीहरू स्थापना भए । ती नयाँ शक्तिहरूले संविधान जारी भएपछिको पहिलो संसदीय निर्वाचन लडे । निर्वाचनमा उत्साहजनक परिणाम निकाल्न सकेनन् । स्थानीय निर्वाचनमा पनि त्यस्तै अवस्था रह्यो ।

साझा पार्टी र विवेकशील पार्टीको उम्मेदवारहरूले काठमाडौं महानगरपालिकाको नगरप्रमुखको निर्वाचनमा उत्साहजनक मत ल्याए । तर, विजय हासिल गर्न सकेन । नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को वाम गठबन्धनले दुई तिहाइ मत सो निर्वाचनमा प्राप्त गरेर सरकार बनाए । नयाँ शक्ति निर्माणको प्रयास २०७४ निर्वाचनमा निष्प्रभावी देखियो । तर, नयाँ शक्ति निर्माणको प्रयास भने जारी नै रह्यो । नयाँ शक्ति निर्माणको बहस सेलाउँदै गएको सन्दर्भमा २०७९ को स्थानीय सरकारको निर्वाचनमा जब काठमाडौं महानगरपालिकामा नगरप्रमुखको रूपमा बालेन्द्र साह, धरान उपमहानगरपालिकामा हर्क साम्पाङ, धनगढी उपमहानगरपालिकामा गोपी हमाललगायतले स्वतन्त्रबाट निर्वाचन जिते, त्यसले पुनः हौस्याए । वैशाखमा भएको सो स्थानीय तहको निर्वाचनले नयाँ शक्ति निर्माणको अभियानलाई इन्धन दियो, पुनः इन्जिन दौडिन थाले । लगत्तै भएको मंसिरको निर्वाचनमा तीन वटा दलहरू वैकल्पिक दलका रूपमा उदाए । पहिलो, राष्ट्रिय स्वतन्त्र पार्टी, दोस्रो, जनमत पार्टी र तेस्रो, नागरिक उन्मुक्ति पार्टी । ती तीनै वटा दलहरू रवि लामिछाने, डा. सिके राउत र रेशम चौधरीको व्यक्तित्वको वरिपरिबाट जन्मेका थिए ।

मुद्दाका दृष्टिकोणले रास्वपाले सुशासन र जनमत र नागरिक उन्मुक्ति पार्टीले पहिचानको मुद्दालाई अगाडि सारेका थिए । तीनै वटा पार्टीका जनआधारहरू फरक फरक थिए । रास्वपाको आधार क्षेत्र नेपाली कांग्रेस र नेकपा(एमाले)बाट बिच्किएका खसआर्य युवाहरू थिए । बाँकी दुई वटा पहिचानको माग गर्ने मधेसी र थारुहरू थिए । यी दलहरूले कूल खसेको समानुपातिक मत एक करोड ५ लाख ६० हजार ८२ मा १७ लाख ७० हजार ३०४ प्राप्त गरेका थिए । रास्वपाले ११ लाख ३० हजार ३४४, जनमत पार्टीले ३ लाख ९४ हजार ६५५ र नाउपाले २ लाख ४५ हजार ३०५ मत प्राप्त गरेका हुन् । यिनीहरूले समानुपातिकमा प्राप्त गरेका मत कूल मतको १६.७६ प्रतिशत हुन जान्छ । (स्रोतः निर्वाचन आयोग, २०७९) यस्तै परिप्रेक्ष्यमा वैकल्पिक र नयाँ शक्ति निर्माणको अभियानको गाडीलाई जब कुलमान घिसिङ जो दुई कार्यकाल नेपाल विद्युत् प्राधिकरणमा रहेर लोडसेडिङको अन्त्य गर्दै जनताको बिचमा लोकप्रिय भइरहेको थियो, उनलाई चार महिना बाँकी रहँदै सरकारले बर्खास्त गर्ने निर्णयले तीव्र गति प्रदान गऱ्यो । जेनजी विद्रोह अगाडि मिसन २०८४ को मुद्दा जोडदारका साथ उठ्न थालेका थिए । तर, जेनजी विद्रोहले त्यसलाई मिसन २०८२ मै ल्याइदियो । जेनजी विद्रोहको जगमा बनेको अन्तरिम सरकारले यही फाल्गुण २१ गते निर्वाचन घोषणा गरेको छ । जेनजी विद्रोहको रापताप र नजिकिँदो निर्वाचनलाई लक्षित गरी पुनः वैकल्पिक र नयाँ शक्ति निर्माणको अभियान द्रुत गतिमा चल्यो । निर्वाचन आयोगमा विभिन्न वैकल्पिक नामका दलहरू दर्ता भएका छन् । तिनीहरू उज्यालो नेपाली पार्टी, श्रम संस्कृति पार्टी, गतिशील लोकतान्त्रिक पार्टी र तेस्रो लिङ्गी नुमा लिम्बु(चञ्चला)को नेतृत्वमा समावेशी समाजवादी पार्टीलगायतका केही वैकल्पिक दलहरू दर्ता भएका छन् । यी सबै दलहरू विभिन्न पृष्ठभूमिबाट उदाएका व्यक्तिको व्यक्तित्वको छत्रछायामा जन्मेका छन् ।

यतिबेला पुराना राजनीतिक दलहरू प्रतिरक्षात्मक अवस्थामा छन् । जेनजी विद्रोहले ती पुराना दलहरूलाई रसातलमा पुऱ्याएका छन् । अहिले तिनीहरू अस्तित्वको संकटबाट गुज्रिरहेका छन् । जेनजी प्रदर्शन तत्कालीन ओली सरकारविरुद्ध मात्रै थिएन, आवरणमा सामाजिक सञ्जाल र भ्रष्टाचारको विरुद्ध देखिए पनि सारमा दलका मठाधीस र वृद्ध तन्त्रप्रति निर्भीक प्रश्नसहितको विद्रोह थियो । जेनजी विद्रोहको बेला देशका सार्वजनिक निकायहरू मात्रै जलेका थिएनन् । नेताहरूका निजी निवाससमेत जलेका–जलाइएका थिए । नागरिकका आक्रोश चरम भइसकेको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई काँधमा बोक्ने देउवा दम्पत्तिमाथि त्यो आक्रोश खनियो । तिनीहरूलाई घाइते बनाएर छाडे । ओलीलगायत अन्य




नेताहरू भेटाएका भए, उनीहरूको पनि उहीँ हविगत हुने थियो । बाल–बाल ज्यान जोगाएका ती नेताहरू सुध्रिन चाहेनन् । नागरिकले त्यत्रो नसियत दिएर छाडेका ती नेताहरूमा कुनै परिवर्तन र रूपान्तरण आएको देखिँदैन । उक्त दुःखद दुर्घटनाबाट समेत पाठ नसिकेर पुनः पुरानै पारा देखाउन थालेका छन् । अब उठ्ने आन्दोलन वा विद्रोहमा नसियत नदिने सम्भावनालाई नकार्न सकिँदैन ।

### नयाँको चुनौती र अवसर

नेपाली नागरिकले नयाँ र वैकल्पिक शक्तिहरूको खोजी प्रयासको लामो सिलसिला छ । पुराना राजनीतिक दलहरूको उकुसमुकुसले गर्दा नयाँको खोजी स्वाभाविकै हो । विगतका प्रयासहरू हेर्दा नयाँ र वैकल्पिक दलहरूलाई आंशिक रूपमा साथ दिएका देखिन्छन् । मूलतः सहरी क्षेत्रमा नयाँ दलहरूलाई उचित स्थान दिइएको पाइन्छ । गाउँमा अझै पुरानाहरूकै दबदबा रहेको देखाउँछ । तर अहिले सूचना प्रविधिमा आएको छलाङले गाउँघरमा पनि निकै प्रभाव पारेको देखिन्छ । नयाँ सञ्चार माध्यमहरूले विश्वमै तरङ्ग ल्याइरहेको छ । जेनजी विद्रोह त्यसको सशक्त उदाहरण हाम्रो सामुन्ने छ । सूचना प्रविधि र नयाँ सञ्चार माध्यमहरूकै कारणले भदौ २३ र २४ सम्भव भएको हो । केही घण्टामै सरकारलाई अपदस्थ गरेको हो । आज हरेक घरका एक जना विदेश नभएको कुनै घरै छैन । करिब एक करोड नेपाली बाहिरै छन् । बाहिर रहेका नेपालीहरू पुराना दलहरूप्रति रुष्ट मात्रै छैनन्, उनीहरूले भोग्न परेका दुःख र नियतिका कारक तत्व नै तिनै हुन् भन्ने गहिरो बुझाइ छ ।

आज पुराना दलहरूप्रति वितृष्णा व्यापक छ । त्यही तथ्य बुझेरै हुनुपर्छ, सर्वोच्च अदालतले प्रवासी नेपालीहरूलाई मताधिकार दिन आवश्यक कानून निर्माण गर्न सरकारलाई आदेश दिएको यतिका वर्षसम्म पनि सरकारले त्यो काम गर्नै चाहेन । जति नै जालझेल गरे पनि पुराना दलहरूलाई सुख छैन । प्रवासमा रहेका नेपालीहरूलाई मताधिकारबाट वञ्चित गर्दै आए पनि अब उनीहरूले उतैबाट जनमत प्रभावित गर्ने, निर्णायक भूमिका निभाउने र कसलाई मत दिने वा नदिने जस्ता निर्णयसमेत गर्न थालेका छन् । आफ्ना परिवारका सदस्यलाई आफूले चाहेको व्यक्ति र दललाई मत हाल्न लगाएका छन् भने इष्टमित्र, आफन्त र छरछिमेक हुँदै समाजमै प्रभाव पार्न थालेको दृष्टान्तहरू छन् । त्यो सन्दर्भमा, पुराना दलहरूलाई चुनौतीको पहाड छ भने नयाँलाई अवसरको ढोका छ ।

पुराना दलहरूले समयको गति समाउन सकेनन् । समाजको बदिलँदो चरित्रको नाडी छाम्न सकेनन् । नागरिकले नयाँ दलहरूबाट नयाँ नीति, व्यवहार, तौरतरिका र संस्कार समेत अपेक्षा गरेका छन् । पुराना दलहरूले बदिलँदो समयको गति समाउन, विद्यमान समाजको अपेक्षा अनुरूप कार्यसम्पादन गर्न र लोकतान्त्रिक चरित्र प्रदर्शन गर्न नसकेको परिप्रेक्ष्यमा नयाँबाट पुराना दलहरूका पुरानै प्रवृत्ति पुनरावृत्ति नहुने बलियो प्रतिबद्धतासहितको व्यवहार खोजी रहेका छन् । यस्ता न्यूनतम आधारभूत कसीमा खरो उत्रिन पर्ने चुनौतीहरू नयाँ दलहरूका लागि छन् । पंक्तिकारले थाहा पाएसम्म कतिपय नयाँ दलहरूले निर्वाचन जित्नका लागि जस्तोसुकै पृष्ठभूमिका खर्च गर्न सक्ने पैसावाला उम्मेदवार खोज्न थालेका छन् । यस्तो प्रवृत्ति प्रारम्भमै देखिनुले 'घुमी फिरी रुम्जाटार' भनाइलाई चरितार्थ गर्ने छ । उम्मेदवारको योग्यताको पहिलो सूचक नै पैसा खर्च सक्ने बनाउनुले पुरानाभन्दा कुनै अर्थमा फरक देखिँदैन । विगतमा यस्तै कारणले गर्दा सबै खालका कुशासनबाट नागरिक पीडित हुनु परेको यथार्थ

> *पुराना दलहरूले समयको गति समाउन सकेनन् । समाजको बदिलँदो चरित्रको नाडी छाम्न सकेनन् । नागरिकले नयाँ दलहरूबाट नयाँ नीति, व्यवहार, तौरतरिका र संस्कार समेत अपेक्षा गरेका छन् ।*

हाम्रो सामु छ । हाम्रो राजनीतिको गोल चक्कर चुनावदेखि चुनावसम्म हुँदै आएको पनि यस्तै कारणले हो । चुनावमा गरिने पैसाको छेलोखेलोले नै समग्र राजनीतिलाई गिजोल्यो, भ्रष्टीकरण गऱ्यो र नागरिकको न्यूनतम मागलाई सम्बोधन गर्न सरकारले सकेन । नयाँ दलहरूले पुरानाबाट नसिक्नु पर्ने खराब आचरण र नीति नसिकुन् । उम्मेदवारको योग्यताका आधारहरू निम्न बनाउन पर्छ । पहिलो, स्वच्छ छवि, दोस्रो, समाजसेवी वा अरूलाई सहयोग गर्ने स्वभाव, तेस्रो, न्यूनतम शैक्षिक योग्यता, चौथो, सोचनशील/कल्पनाशील (भिजनरी) र पाँचौं, द्रुत गतिमा काम गर्न सक्ने ।

अहिले नयाँ उदाउन थालेका दलहरू किन मिलेर आउन नसकेको प्रश्न जोडदार सबैतिर चर्चामा छ । काठमाडौं महानगरपालिकाको २०७४ को निर्वाचन र संसदको निर्वाचनमा विवेकशील र साझा दुवै पार्टीका उम्मेदवारहरू झिनो मतले हारेको परिस्थितिलाई समीक्षा गरेर पार्टी एकता गरेका थिए । तर एकतापछि त्यो पार्टी झन् क्षतविक्षत भयो । अहिले दुवै पार्टी इतिहासमा सीमित भयो । विविध पृष्ठभूमिबाट विभिन्न लक्ष्यसहित उदाउन थालेका दलहरूलाई जर्बजस्ती मिलाउँदा झन् घातक हुँदोरहेछ । तिनीहरूले एकता गर्न नसके चुनावी गठबन्धन गर्न आवश्यक छ । सबै पुराना दलहरूले विगतमा राजनीति(दल)मा प्रवेशको नीति बनाए तर बर्हिगमनको नीतिको अभावमा ती दलहरू दलदलमा परिणत भए । जमेको पानी जस्तै गनाउन थाले । त्यसैले, नयाँ दलहरूले प्रवेश र बहिर्गमन(इन एन्ड इक्जिट)को नीति ल्याउन आवश्यक छ ।

नेपाली नागरिकले पुराना बोतलमा नयाँ पानी र नयाँ बोतलमा पुराना पानी खोजेका होइनन् । त्यसको ज्वलन्त उदाहरण डा. बाबुराम भट्टराई हुन् । उनी नयाँ ब्यानर(बोतल)मा पुराना पानी जस्तै भए । बरु, नयाँ बोतलमा नयाँ पानी नै खोजेका हुन् । नयाँ बोतलमा नयाँ पानीसँगै नयाँ राजनीतिक आनीबानी पनि नागरिकले चाहेका छन् । यसपालि नयाँ र वैकल्पिक शक्तिले पाउने मतको हिस्सा बढ्नेछ । जेनजी विद्रोहको रापतापले त्यसलाई पुष्टि गरिसक्यो । करिब १७ प्रतिशतको त्यो जनमतमा काफी वृद्धि हुनेछ ।

## इतिहासमा आज

२१ डिसेम्बर १९७३ मा अरब–इजरायली द्वन्द्वबारे छलफल गर्न जेनेभा सम्मेलन सुरु भएको थियो ।



२१ डिसेम्बर १९९१ मा सोभियत संघका ११ वटा राज्यले स्वतन्त्र हुने गरी अल्मा–अटा प्रोटोकलमा हस्ताक्षर गरेका थिए ।



२१ डिसेम्बर १९९९ मा क्युबाना डे एभियासियन उडान १२१६ ले ला अरोरा अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग ओभरशूट गर्दा १८ जनाको मृत्यु भएको थियो ।



२१ डिसेम्बर २०२३ मा चेक गणराज्यको प्रागस्थित चार्ल्स विश्वविद्यालयमा सामूहिक गोलीबारी हुँदा १४ जनाको मृत्यु भयो र २५ जना घाइते भएका थिए । गोली काण्ड घटाउने विद्यार्थी स्वयं पनि आत्महत्या गरेका थिए ।



# राजनीतिमा युवा सहभागिता

विचार



● खगेन्द्र पौडेल

> *राजनीतिमा युवा सहभागिता वर्तमान मात्र होइन, भविष्यको लगानी हो । आज राजनीतिमा सिकेका मूल्य, अनुभव र संस्कारले भोलिको नेतृत्व निर्माण गर्छ । यदि युवाहरू जिम्मेवार, सचेत र सक्रिय भए भने राजनीति पनि स्वाभाविक रूपमा स्वच्छ, समावेशी र जनमुखी बन्छ ।*

राजनीतिमा युवा सहभागिता कुनै पनि लोकतान्त्रिक समाजको दीर्घकालीन स्थायित्व र प्रगतिका लागि अत्यन्तै महत्वपूर्ण पक्ष हो । युवाहरू ऊर्जा, सिर्जनशीलता र परिवर्तनको चाहना बोकेका वर्ग हुन् । उनीहरू समाजका विद्यमान समस्याहरूलाई नयाँ दृष्टिकोणबाट हेर्न सक्छन् र परम्परागत सोचभन्दा बाहिर गएर समाधान खोज्न सक्षम हुन्छन् । त्यसैले राजनीतिक प्रक्रियामा युवाको सक्रिय उपस्थिति केवल विकल्प होइन, आवश्यकता हो ।

लोकतन्त्रको मूल मर्म जनताको सहभागितामा आधारित हुन्छ । जनसंख्याको ठूलो हिस्सा ओगट्ने युवाहरू राजनीतिबाट टाढा रहँदा लोकतन्त्र कमजोर बन्छ । नेपाल जस्तो देशमा जहाँ जनसंख्याको ठूलो प्रतिशत युवा उमेर समूहमा पर्छ, त्यहाँ उनीहरूको राजनीतिक सहभागिता अझै महत्वपूर्ण हुन्छ । संविधान निर्माण, नीति निर्माण, स्थानीय तहको निर्णय प्रक्रिया वा राष्ट्रिय विकासका योजना तयार पार्दा युवाको आवाज समावेश हुन सकेन भने ती नीति र योजनाहरू दीर्घकालीन र समावेशी बन्न सक्दैनन् ।

युवा सहभागिताले राजनीतिमा पारदर्शिता र जबाफदेहिता बढाउन मद्दत गर्छ । धेरै युवाहरू प्रविधिमा दखल राख्छन् र सूचना प्रवाहलाई छिटो, सुलभ र प्रभावकारी बनाउन सक्छन् । उदाहरणका लागि, नेपालमा केही युवाहरूले सामाजिक सञ्जालमार्फत भ्रष्टाचारका घटनाहरू सार्वजनिक गरेका छन् र सम्बन्धित निकायलाई जवाफदेही बन्न दबाब दिएका छन् । यसले राजनीति केवल बन्द कोठाभित्र सीमित नभई आम नागरिकको निगरानीमा रहनुपर्छ भन्ने सन्देश दिएको छ । इतिहास हेर्ने हो भने पनि युवाहरूले ठूलो राजनीतिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेका छन् । २०४६ सालको जनआन्दोलन होस् वा २०६२/६३ सालको आन्दोलनमा युवाहरू अग्रपंक्तिमा थिए । विद्यार्थी, युवा श्रमिक र युवा बुद्धिजीवीहरूको सक्रिय सहभागिताले नै निरंकुश व्यवस्थाविरुद्ध आवाज बुलन्द बन्यो र लोकतान्त्रिक प्रणाली स्थापना सम्भव भयो । जेनजी आन्दोलन त युवाहरु नै आयोजक बनेर गरेका हुन् । यी उदाहरणहरूले युवामा राजनीतिक चेतना र साहस हुँदा समाज परिवर्तन सम्भव हुन्छ भन्ने प्रमाणित गर्छन् ।

यद्यपि, युवाहरू अझै पनि राजनीतिको नेतृत्वमा छैनन् । कुनै मुख्य घटनामा युवाहरु अग्रपंक्तिमा आएपनि राजनीतिमा व्याप्त भ्रष्ट्राचार, अवसरवाद र शक्ति केन्द्रित प्रवृत्तिले राजनीतिमा टिकिरहन दिएको छैन । धेरै युवाहरू राजनीति फोहोर खेल हो भन्ने धारणा राख्छन् र व्यक्तिगत करियर वा विदेश जाने बाटो रोज्छन् । यो स्वाभाविक प्रतिक्रिया भए पनि दीर्घकालमा यसले देशलाई नोक्सान पुऱ्याउँछ, किनकि इमानदार र सक्षम युवाहरू राजनीतिबाट बाहिरिएपछि नेतृत्व पुरानै सोच र शैलीमा सीमित रहन्छ ।

युवालाई राजनीतिमा आकर्षित गर्न राजनीतिक दल, राज्य र समाज सबैले भूमिका खेल्नुपर्छ । राजनीतिक दलहरूले युवालाई केवल झण्डा बोक्ने कार्यकर्ता होइन, नीति निर्माणमा सहभागी गराउने वातावरण बनाउनुपर्छ । उदाहरणका लागि, केही स्थानीय तहमा युवाहरूलाई वडा समिति वा नगर सभामा प्रतिनिधित्व दिइएको छ, जसले स्थानीय समस्यालाई युवाको दृष्टिकोणबाट समाधान गर्न सहयोग गरेको छ । यस्ता अभ्यासलाई व्यापक बनाउन सकिएमा युवाको विश्वास राजनीतिमा बढ्न सक्छ ।

शिक्षा प्रणालीले पनि राजनीतिक चेतना विकासमा योगदान दिन सक्छ । विद्यालय र कलेज स्तरमै नागरिक शिक्षा, लोकतान्त्रिक मूल्य र नेतृत्व विकासका विषयहरू व्यवहारिक ढंगले पढाउन सकियो भने युवाहरू राजनीति बुझेर सहभागी हुन प्रेरित हुन्छन् । केही कलेजहरूमा विद्यार्थी संसद् वा मोडल संसद् अभ्यास गराइन्छ, जहाँ विद्यार्थीहरूले बहस, मतदान र निर्णय प्रक्रियाको अनुभव लिन्छन् । यसले भविष्यका लागि जिम्मेवार राजनीतिक नागरिक तयार पार्न मद्दत गर्छ । आजको डिजिटल युगमा युवाहरूले नयाँ किसिमले राजनीतिमा सहभागिता जनाइरहेका छन् । अनलाइन अभियान, हस्ताक्षर संकलन, नीतिगत बहस र सचेतना अभिवृद्धि जस्ता गतिविधि युवामाझ लोकप्रिय छन् । भारतमा अन्ना हजारेको भ्रष्ट्राचार विरोधी आन्दोलनमा युवाको ठूलो सहभागिता देखियो, जसले सरकारलाई कडा कदम चाल्न बाध्य बनायो । यस्तै, नेपालमा पनि विभिन्न सामाजिक मुद्दामा युवाले अनलाइन र अफलाइन दुवै माध्यमबाट दबाब सिर्जना गरिरहेका छन् ।

राजनीतिमा युवा सहभागिता वर्तमान मात्र होइन, भविष्यको लगानी हो । आज राजनीतिमा सिकेका मूल्य, अनुभव र संस्कारले भोलिको नेतृत्व निर्माण गर्छ । यदि युवाहरू जिम्मेवार, सचेत र सक्रिय भए भने राजनीति पनि स्वाभाविक रूपमा स्वच्छ, समावेशी र जनमुखी बन्छ । त्यसैले युवाले राजनीति छोड्नु होइन, राजनीतिलाई सुधार्ने जिम्मेवारी लिनुपर्छ । समाज र राज्यले पनि युवाको ऊर्जा र सोचलाई सकारात्मक दिशामा उपयोग गर्ने वातावरण सिर्जना गर्नुपर्छ । यही बाटोले मात्र समृद्ध, न्यायपूर्ण र लोकतान्त्रिक समाज निर्माण सम्भव हुन्छ ।

## पाठक–पत्र

# श्रमिकको पक्षमा श्रममन्त्री



श्री सम्पादकज्यू,
मध्यान्ह राष्ट्रिय दैनिक

पुस ५ गते (शनिबार)को मध्यान्ह राष्ट्रिय दैनिक पढ्न पाएँ । प्रथम पेजमा वैदेशिक रोजगार विशेष स्तम्भ अन्तर्गत 'स्वास्थ्य परीक्षणको शुल्क वृद्धि मन्त्रालयद्वारा खारेज' शीर्षकको समाचार पढेर म आश्चर्यचकित भएँ । सायद पहिलो पटक बेरोजगार भुइँ मान्छेहरूको पक्षमा निर्णय आएछ । विचार गरें, यस्तो कसरी सम्भव भयो ? सधैं दलाल माफियाहरूको पक्षमा निर्णय गर्ने, नागरिकको हितलाई नजर अन्दाज गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय आज एकाएक श्रमिकको हितमा कसरी निर्णय गर्न पुग्यो ? पछि थाहा भयो कि यो नयाँ नेतृत्वको कारण सम्भव भएको रहेछ ।

अधिकांश वैदेशिक रोजगारमा जाने जेनजी पुस्ताका युवाहरूको हितमा निर्णय गरिइदिनुभएकोमा नयाँ नेतृत्वसहितको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई हार्दिक धन्यवाद व्यक्त नगरी रहन सकिनँ । यहाँ हरेक दिन अनेक बहानामा आम नागरिक लुटिएका छन् । एक जना वैदेशिक रोजगारमा जाने कामदारको तीन हजार रुपैयाँ जोगिनु भनेको ठुलो मात्र होइन महान् उपलब्धि हो । जेनजी सरकारका नवनियुक्त श्रममन्त्रीज्यूलाई यसैगरी सर्वसाधारणका पक्षमा निर्णयहरू गर्दै जानुहुन, स्वास्थ्य परीक्षणको क्षेत्रमा व्याप्त सिन्डिकेट प्रथाहरू खारेज गरिदिनुहुन र समग्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सिन्डिकेटका दलाल र माफियाहरूको चङ्गुलबाट मुक्त गराइदिनुहुन विनम्र अनुरोध गर्दछु ।

माननीय मन्त्रीज्यूको सफल कार्यकालको शुभकामना । वास्तवमा जनताले यस्तै नेतृत्व खोजिरहेछ । हामी जनता तपाइँजस्तै मन्त्रीको पक्षमा रहनेछौं । धन्यवाद ।

■ **शमशेर नेपाली**
*इमेल : shamsernepali1977@gmail.com*
*नियमित पाठक एवं स्वास्थ्यकर्मी*

# जनहित र मुलुकको पक्षमा काम गर्नेलाई मतदान गर्न मन्त्री खरेलको आग्रह

**ललितपुर/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले आगामी फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा जनता र मुलुकको पक्षमा काम गर्ने र सकारात्मक परिवर्तन ल्याउनसक्ने व्यक्तिलाई मतदान गर्न सबैलाई आग्रह गरेका छन् ।

ललितपुरको इमाडोलस्थित युरो किड्स विद्यालयद्वारा आयोजित अभिभावक दिवसमा मन्त्री खरेलले आगामी फागुन २१ गते हुने निर्वाचनमा मतदान गर्दा सकारात्मक परिवर्तन ल्याउनसक्ने नेतृत्व छनोट गर्नुपर्नेमा जोड दिए ।




'युवा देश छोडेर विदेशिनुपर्ने अवस्थाको अन्त्यका लागि नेतृत्व छनोटमा आमनागरिक सचेत हुनुपर्छ । सकारात्मक परिवर्तन गर्नसक्ने नेतृत्वले मुलुकभित्र शिक्षा, स्वास्थ्य, रोजगारीलगायत क्षेत्रमा जनहित अनुसार काम गर्न सक्छ', उनले भने ।

परिवार छोडेर विदेशिनुपर्ने पीडादायी वर्तमान अवस्थालाई चिर्न अबको पुस्ताले स्वदेशमा बसेर काम गर्नसक्ने वातावरण बनाउनुपर्नेमा मन्त्री खरेलले जोड दिए ।

'यसका लागि सचेत भएर योग्य र सक्षम नेतृत्व चयन गरौँ । सधैँ अरुलाई दोष लगाएर हुँदैन, काम नगर्नेलाई तिरस्कार गरौँ । वर्तमान सरकारको पहिलो प्राथमिकता तोकिएको समयमा निर्वाचन गराउनु हो, तपाईंहरूले सही नेतृत्व चयन गर्नुहोला', उनले भने । सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री खरेलले पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग र आधुनिकताले नातिनातिना र हजुरबुबा हजुरआमाबीचको सम्बन्ध टुट्दै गएकाले सामिप्यता र आत्मियता हराउँदै गएको धारणा राखे । 'समाजले संयुक्त परिवारबाट एकात्मकतातिर बढावा दिँदै गएको छ, यसले हाम्रो संस्कार, संस्कृति र सभ्यतामाथि प्रहार हुँदै गएको छ' उनले भने ।

मन्त्री खरेलले नयाँ पुस्ता र ससाना नानीबाबुलाई राम्रो सभ्यता र संस्कार सिकाउन विद्यालयले पनि जोड दिनुपर्नेमा बताए ।

उनले असल संस्कारले असल नागरिक बनाउने भन्दै असल नागरिकले समाज र मुलुकलाई सफल बनाउने धारणा राखे ।

# नि:शुल्क शिक्षा र स्वास्थ्यबिना मुलुकको रूपान्तरण असम्भव : नगरप्रमुख थापा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ पुस



अर्घाखाँचीको भूमिकास्थान नगरपालिकाका नगरप्रमुख झविलाल थापाले नागरिकका लागि शिक्षा र स्वास्थ्य सेवा नि:शुल्क हुन सके मात्र मुलुकको वास्तविक रूपान्तरण सम्भव हुने बताएका छन् ।

शनिबार भूमिकास्थान नगरपालिका-३ स्थित अन्नपूर्ण माध्यमिक विद्यालयको ४३औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै नगरप्रमुख थापाले शिक्षा र स्वास्थ्यलाई राज्यको प्राथमिक दायित्वका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिए । उनले शिक्षित र स्वस्थ नागरिकबिना समृद्ध समाजको कल्पना गर्न नसकिने बताए ।

नगरप्रमुख थापाले भूमिकास्थान नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेख्य लगानी गर्दै आएपनि अपेक्षित प्रतिफल आउन नसकेको स्वीकार गरे ।

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी र स्थानीय सरकारसहित सबै सरोकारवाला सक्रिय हुनुपर्ने उनको भनाइ थियो ।

देश क्रमशः विद्यार्थीविहीन अवस्थातर्फ उन्मुख हुँदै गएकोप्रति चिन्ता व्यक्त गर्दै उनले सामुदायिक विद्यालयको संरक्षण र सुदृढीकरण अपरिहार्य रहेको बताए । यद्यपि, अन्नपूर्ण माध्यमिक विद्यालयले गत शैक्षिक सत्रको एसइई परीक्षामा शतप्रतिशत नतिजा हासिल गर्नु उपलब्धिमूलक भएको उल्लेख गर्दै नगरप्रमुख थापाले यस सफलतालाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याए । उनले विद्यालयको शैक्षिक उपलब्धिले समुदायमा सकारात्मक सन्देश दिएको बताए ।

'पढ्दै, कमाउँदै, रमाउँदै'भन्ने अवधारणालाई अघि सार्दै नगरपालिकाले भूगोलअनुसार तरकारी खेती, फलफूल खेती, माहुरी पालनलगायत व्यवहारिक तथा आयमूलक शैक्षिक क्रियाकलापहरू विभिन्न विद्यालयमा सञ्चालनमा ल्याइएको जानकारी पनि नगरप्रमुख थापाले दिए । यसले विद्यार्थीलाई सीपमूलक र आत्मनिर्भर बनाउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा नगर उपप्रमुख बालकृष्ण बन्जाडे, वडा अध्यक्ष कृष्णप्रसाद बन्जाडे, शिक्षा शाखा प्रमुख तुवलाल सापकोटा तथा सामाजिक तथा राजनीतिक व्यक्तित्व सागर केसीलगायतले शिक्षा सुधार र सामुदायिक विद्यालयको सुदृढीकरणबारे आ-आफ्ना धारणा राखेका थिए ।

कार्यक्रमका अध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण प्रसाद भुसालले विद्यालय स्थापना देखि हालसम्मको यात्रा, उपलब्धि र चुनौतीबारे प्रकाश पार्दै सबै सरोकारवालाको निरन्तर सहयोगकै कारण विद्यालय आजको अवस्थामा आइपुगेको बताए ।

शिक्षक सुशील खनालको सञ्चालनमा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सुवासचन्द्र बन्जाडेले वार्षिक प्रगति प्रतिवेदन तथा आयव्यय विवरण प्रस्तुत गरेका थिए ।

# ठूलो परिमाणमा गाँजा बरामद, फरार प्रतिवादी पक्राउ



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ५ मंसिर

उदयपुरमा प्रहरीले ठूलो परिमाणमा गाँजा बरामद गरेको छ । इलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाबाट खटिएको प्रहरी टोलीले बेलका नगरपालिका-८ डुम्रिबोटेस्थित सप्तकोशी नदी किनारमा ६ वटा बोरामा प्याक गरी दुईवटा ट्युबमा लोड गरिएको अवस्थामा २ सय ५ किलो ६ सय ६५ ग्राम गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । बरामद गरिएको गाँजा इलाका प्रहरी कार्यालय रामपुरठोक्सिलामा राखिएको छ । लागुऔषध ओसारपसारमा संलग्न व्यक्तिहरूको खोजतलास तीव्र पारिएको प्रहरीले जनाएको छ ।

यसैबीच, उदयपुरमा विभिन्न मुद्दाका दुई जना फरार प्रतिवादीलाई पनि प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको टोलीले चेक अनादर तथा सवारी ज्यान अंगभंगसम्बन्धी कसुरमा फरार रहेका दुई जनालाई पक्राउ गरी फैसला कार्यान्वयनका लागि उदयपुर जिल्ला अदालतमा बुझाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पक्राउ पर्नेमा कटारी नगरपालिका-४ निवासी ४६ वर्षीय रामकुमार दनुवार रहेका छन्, जसलाई चेक अनादर मुद्दामा २ हजार रुपैयाँ जरिवाना तोकिएको थियो । यस्तै, कटारी नगरपालिका-२ कल्याणपुर निवासी ५१ वर्षीय प्रेमबहादुर विकलाई सवारी ज्यान अंगभंग मुद्दामा ५ हजार रुपैयाँ जरिवाना तोकिएको छ ।

यस्तै उदयपुरमा कर्तव्य ज्यान मुद्दाका एक जना फरार प्रतिवादी पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी टोलीले मंसिर २९ गते कर्तव्य ज्यान मुद्दाका १ जना फरार प्रतिवादी कटारी नगरपालिका ४ तित्रिबोट स्थितबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि उदयपुर जिल्ला अदालत पठाइएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

प्रहरीका अनुसार कटारी नगरपालिका १० माइती घर भइ विवाह गरी हाल जिल्ला सिन्धुली दुधौली नगरपालिका७ डम्बर खाडी बस्ने वर्ष ३३ की मञ्जु खत्री कार्कीलाई जिल्ला अदालत फैसलाले ५ महिना ३ दिन कैद र दश रुपैयाँ जरिवाना तोकिएको थियो ।

**धारिलो हतियार प्रयोग गरी हत्या**

उदयपुरमा धारिलो हतियार प्रयोग गरी एक जनाको हत्या भएको छ ।

शुक्रबार राति त्रियुगा नगरपालिका १ स्थित जोगिदह हाटखोलामा अन्दाजी वर्ष ४३ को युवराज राईले आफ्नै भाइ अन्दाजी वर्ष ३० को धर्मराज राईलाई धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको जिल्ल्ला प्रहरी कार्यालय उदयपुरको सूचना अधिकारी प्रहरी नायब उपरीक्षक केदारमान दोङले जानकारी दिए ।

खुकुरी प्रहार गरी गम्भीर घाइते बनाइएका राईलाई घटनास्थलबाट तत्काल उपचारको लागि जिल्ला अस्पताल उदयपुर ल्याएकोमा शनिबार मृत्यु भएको हो ।

प्रहरीका अनुसार दाजुले आमालाई कुटपिट गरेको विषयमा वादविवाद हुँदा आफ्नै दाजुले खुकुरी प्रहार गरी फरार रहेको भन्ने खुलेको छ । घटनामा संलग्न युवराज राईको खोजतलास भइरहेको छ ।

# यौनजन्य दुर्व्यवहार रोक्न 'आचारसंहिता'



**पाल्पा/मस-**यौनजन्य दुर्व्यवहार रोकथाम तथा नियन्त्रणका लागि पाल्पाका दुई स्थानीय तहले 'आचारसंहिता २०८२' जारी गरेका छन् ।

रामपुर नगरपालिका र रम्भा गाउँपालिकाले कार्यस्थलमा हुने बढ्दो यौनजन्य दुर्व्यवहार रोकथाम गर्न आचारसंहिता जारी गरेका हुन् ।

महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध न्याय सम्बोधनका लागि रामपुर नगरपालिकाले 'सिफारिस प्रणाली कार्यविधि-२०८२' ल्याएको छ ।

हिंसामा परेका महिला तथा बालबालिकालाई मनोसामाजिक सेवा, सुरक्षा, संरक्षण, स्वास्थ्य उपचार, कानुनी सहयोग, शिक्षा, पुनःस्थापना, परिवार मिलापलगायत सेवा उपलब्ध गराउने उद्देश्यले आंचरसहिता निर्माण गरी लागू गरिएको रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले बताए ।

स्थानीय सरकारलाई संविधानले अधिकार दिए पनि स्पष्ट कार्यविधि नहुँदा आफ्नै अधिकार क्षेत्रभित्रका काम गर्न कठिनाइ हुने गरेको उल्लेख गर्दै उनले महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध न्याय दिन यस कार्यविधि ऐतिहासिक भएको बताए । नगरप्रमुख थापाका अनुसार हालसम्म रामपुर नगरपालिकाले १७ वटा ऐन, नौ वटा नियमावली र ७८ वटा कार्यविधि तयार गरेको छ ।

रम्भा गाउँपालिकाभित्रका जुनसुकै कार्यस्थलमा कुनै पक्षमाथि यौनजन्य दुर्व्यवहार भइहालेमा पीडित पक्षले उजुरी गर्न पाउने, उजुरी उपर कानुनी कारबाहीदेखि क्षतिपूर्तिसम्मको व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए ।

पालिकाभित्रका वडा कार्यालय, अस्पताल, स्वास्थ्य चौकीलगायत संघसंस्था र सबैक्षेत्रमा आचारसंहिता लागू भएको उनको भनाइ छ ।

आचारसंहिताले कार्यस्थलको सेवाप्रवाह प्रभावकारी हुने, कर्मचारीको कामप्रतिको आत्मविश्वास बढ्ने भन्दै विशेषगरी महिला तथा युवा कर्मचारीलाई बढी फाइदा पुग्ने अध्यक्ष भण्डारीले विश्वास व्यक्त गरे ।

# माधवनारायणमा नि:शुल्क आँखा शिविर १ सय १३ जनाको शल्यक्रिया गरिने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ पुस



रौतहट माधवनारायण नगरपालिकामा शनिबार आयोजित बृहत् नि:शुल्क आँखा शिविर सफलतापूर्वक सम्पन्न भएको छ ।

रूइत फाउन्डेसनको सहयोग तथा नेपाल नेत्रज्योति संघ, गौर आँखा अस्पतालको आयोजनामा सेवा निवृत्त कर्मचारी संघको पहलमा शिविर सञ्चालन गरिएको हो । वडा नम्बर ६ स्थित द लिटल न्यू स्टार बोर्डिङ स्कुलको प्रांगणमा भएको शिविरमा ३ सय ६१ जनाले सेवा लिएका थिएका छन् । जसमा २ सय ५१ महिला र १ सय १० पुरुष रहेका छन् । परीक्षणका क्रममा मोतियाविन्दुसहित गम्भीर समस्या देखिएका १ सय १३ जनालाई शल्यक्रियाका लागि छनोट गरिएको छ ।

शिविरमा १ सय ६८ जनालाई नि:शुल्क औषधि र १ सय २७ जनालाई नि:शुल्क चश्मा वितरण गरिएको थियो । शल्यक्रियाका लागि छनोट भएका बिरामीलाई आइतबारदेखि मंगलबारसम्म गौर आँखा अस्पतालमा नि:शुल्क यातायात, उपचार, आवास र शल्यक्रिया सुविधा उपलब्ध गराइने आयोजकले जनाएको छ ।

स्थानीयस्तरमै यस्तो सेवा पाउँदा वृद्धवृद्धा तथा आर्थिक रूपमा कमजोर नागरिकहरू खुसी देखिएका छन् । सामाजिक उत्तरदायित्व वहन गर्दै गरिएको यस पहलको स्थानीयले प्रशंसा गरेका छन् ।

# थापाथली चार अखडामा गाई पाल्न समस्या

**काठमाडौं/मस-** एसियाली विकास बैंक (एडिबी) को सहयोगमा पुनर्निर्माण भएका थापाथली क्षेत्रका चार अखडाका ढोका साँघुरा हुँदा गाई पाल्ने परम्परा नै लोप हुने अवस्था सृजना भएको छ ।

२०७२ वैशाख १२ गतेको भूकम्पले भत्किएका यस क्षेत्रका सम्पदाको पुनर्निर्माण अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले गरेको हो ।

यस क्षेत्रका सम्पदास्थलका गौशालाका ढोका साँघुरा हुँदा समस्या भएको हो । अधिकार सम्पन्न वाग्मती समितिका इञ्जिनीयरले गरेको इञ्जिनीयरिङअनुसार पुनर्निर्माण भएका गौशालाका ढोका साँघुरा हुँदा समस्या भएको श्रीराम मन्दिर वैरागी अखडा थापाथलीका महन्त रामस्वरुप वैष्णवदासले जानकारी दिए । हुँदा गाई पाल्ने हिसाबले मात्र प्रत्येक अखडामा एक, दुई गाई पालिएको छ । यी गौशालामा गाई पाल्न धेरै अप्ठ्यारो परेको गौसेवकको गुनासो छ । समितिका इञ्जिनीयरले ध्यान दिन नसक्दा यस्तो समस्या आएको काठमाडौं महानगरपालिका-११ का अध्यक्ष हीरालाल तण्डुकार बताउँछन् । थापाथली क्षेत्रमा वैरागी अखडासँगै उदासी, सन्न्यासी र गोरखनाथ अखडा पनि छन् । प्रधानमन्त्री जंगबहादुर राणाले बेलायतबाट फर्केपछि थापाथलीमा चार अखडामा विभाजन भएका उनले सुनाए ।

# 'समयमा काम नगर्ने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्द गरिन्छ'

**चितवन/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले विकास निर्माणका कामलाई प्राथमिकता नदिने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्द गर्नेतर्फ सरकार लागेको बताएका छन् । उद्योग वाणिज्य संघले शनिबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा उनले तीन हजार बढी सडक तथा पुलमा ठेक्का लागेको बताएका हुन् ।




उनले भने, 'तीन हजारभन्दा बढी सडक र पुलको ठेक्का छ, कुनै ठाउँमा त ठेकेदार कहाँ छ भन्ने पनि छैन, काम गर्नुपर्छ नभए ठेक्का तोड्छौं भन्ने अवस्थामा हामी छौं ।' जनताले दुःख पाएको बताउँदै उनले जनताको आवश्यकताअनुसार सरकारले काम गर्ने बताए । विकास निर्माणसँगै नीति निर्माणमा परिवर्तन गर्न सरकारले खोजेको बताउँदै उनले देशलाई संस्थागत रूपमा निकास दिन जरुरी रहेको बताए । उनले सप्तगण्डकी नदीमा पानी भण्डारण गरी जलाशय निर्माण गरेर विद्युत् उत्पादनसँगै विभिन्न पर्यटकीयस्थलको विकास गरिने बताए । पोखरा, भरतपुर र लुम्बिनी क्षेत्रलाई इलेक्ट्रिसिटी ग्रिन करिडोरका रूपमा विकास गर्ने काम अघि बढिरहेको उनले जानकारी दिए । शक्तिखोर औद्योगिक क्षेत्रमा विद्युत् आपूर्तिलाई सहज बनाइने उल्लेख गर्दै उनले औद्योगिक क्षेत्र स्थापना हुनुमा आफू पनि सकारात्मक रहेको बताए । आगामी निर्वाचनपछि आउने नयाँ सरकारले नयाँ अनुहार र नयाँ सोच ल्याउनुपर्ने उल्लेख गर्दै उनले देशलाई समृद्धिको बाटोमा हिँडाउन सक्ने शक्ति आउनु आवश्यक रहेको बताए । जनताले देशलाई ठोस परिणाम दिनसक्ने नयाँ शक्ति सचेत रूपमा छान्नुपर्नेमा उनले जोड दिए । सो अवसरमा उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले जिल्लाका समग्र व्यवसायीको समस्याका बारेमा जानकारी गराएका थिए ।

**Gosaikunda Rural Municipality**
**Office of the Municipal Executive**
**Syafrubeshi, Rasuwa**

**INVITATION FOR ELECTRONIC SEALED QUOTATION**

**First Date of Publication: (2082/08/14) 30th November, 2025**
**Second Date of Publication: (2082/09/06) 21st December, 2025**

1. Gosaikunda Rural Municipality, Syafrubeshi, Rasuwa invites sealed quotation (e-bidding) from eligible Nepalese bidders for the following goods:

| S.N | Contract No. | Name of Project | Cost of Bids Document (NRs.) | Bid Validity | Bid Security Amount (NRs.)/Validity period | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | GRM/SQ-02/ 2082-083 | Procurement of Pneumococcal Vaccine for senior citizens. | 1000 | 45 days | 117000 (75 days) | Non-VATable |

| | |
|---|---|
| **Deadline for Bid submission:** | 2082/09/21 (2026/01/05) till 12:00 Noon |
| **Date, Time and Place of Bid Opening:** | 2082/09/21 (2026/01/05) 1:00 PM at Gosaikunda Rural Municipality, Syaphrubensi |
| **Account Number for Bid Document Purchase:** | Name of Bank: Nepal Bank Limited, Dhunche Branch, Dhunche, Rasuwa<br>Name of Office: Gosaikunda Rural Municipality, Syaphrubensi, Rasuwa<br>Office Account no:11103000001001000001 |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Gosaikunda Rural Municipality, Syafrubeshi, Rasuwa.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid through e-GP system.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

# रमेश र सरिताले ल्याए ‘सारङ्गीको साथी’




काठमाडौं/मस- नेपाली सांगीतिक क्षेत्रमा नयाँ भावनात्मक सिर्जना ‘सारङ्गीको साथी’ सार्वजनिक गरिएको छ। सन् २०२५ को नेपाली स्याड गीतका रूपमा आएको यस गीतले जीवनका संघर्ष, पीडा र यथार्थलाई सारङ्गीको मार्मिक धुनमार्फत कलात्मक ढंगले प्रस्तुत गरेको छ। गीतमा रमेश शेसी र सरिता गोतामे महारको सशक्त स्वर सुन्न सकिन्छ। संगीत समेत सरिता गोतामे महारकै रहेको गीतका शब्द टेकम पाण्डे ‘जिज्ञासु’ले लेखेका हुन्। एरेन्जमेन्ट पूर्ण साम्योगले गरेका छन् भने मिक्सिङ तथा मास्टरिङको जिम्मेवारी खडक बाजुरालीले सम्हालेका छन्। गीत मालाश्री स्टुडियोमा रेकर्ड गरिएको हो।

गीतको भिडियो पक्ष पनि उत्तिकै सशक्त बनेको छ। भिडियोमा आयुष्मा कार्की (केशरी) र दिनेश मुस्कानको मुख्य अभिनय देख्न सकिन्छ। उनीहरूलाई तुकमान बीके, अनिता साउद, अभिषेक लाम्साल, सिता पाण्डे र प्रयास कुमारले साथ दिएका छन्। भिडियोको निर्देशन तथा सम्पादन दिनेश मुस्कानले गरेका हुन् भने डीओपी तथा एरियल सिनेमाटोग्राफी डेनिस खनालले गरेका छन्। सहायक निर्देशनमा तुकमान बीके (गोपाल) रहेका छन्।

पोस्ट-प्रोडक्सनको काम डि सिनेमा आर्ट प्रा.लि.ले गरेको हो। मेकअप आर्टिस्टका रूपमा शोभना न्यौपानेको सहभागिता रहेको छ।

निर्माण टिमले गीत निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सबैप्रति आभार व्यक्त गरेको छ। भावनात्मक कथावस्तु, सारङ्गीको पीडामिश्रित धुन र कलाकारहरूको सशक्त प्रस्तुतिका कारण ‘सारङ्गीको साथी’ दर्शक तथा स्रोतामाझ मन छुने गीत बन्ने अपेक्षा गरिएको छ।

# ‘कुमारी’को गीत ‘तिमी बिना’ सार्वजनिक



**काठमाडौं/मस-** माघ २३ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको प्रेमकथात्मक नेपाली चलचित्र ‘कुमारी’को दोस्रो गीत ‘तिमी बिना’ सार्वजनिक गरिएको छ। भ्यालेन्टाइन डेको आसपास रिलिज हुन लागेको फिल्मको यो गीत केन्द्र मोसन पिक्चर्समार्फत सार्वजनिक गरिएको हो। गीतमा चर्चित गायक केहर सिंह लिम्बूको सुमधुर स्वर सुन्न सकिन्छ। सुमन तामाङको शब्द रचना रहेको गीतमा संगीत सुमन तामाङ र केहर सिंह लिम्बूको सहकार्यमा तयार गरिएको छ। गीतको अडियो प्रोडक्सन तथा मिक्सिङ-मास्टरिङ एस्थर रिजनले गरेका छन्।

प्रेम, भावनात्मक नजिकपन र समर्पणलाई केन्द्रमा राखिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकार आकृति राजभण्डारी र अभिषेक खड्कालाई देख्न सकिन्छ। उनीहरूबीचको आत्मीय सम्बन्ध, युवापुस्ताको उत्साह र प्रेमिल मुडलाई दृश्यात्मक रूपमा आकर्षक ढंगले प्रस्तुत गरिएको छ। सुशन प्रजापतिको छायांकनले भिडियोको सौन्दर्यलाई थप निखारेको छ।

यसअघि सार्वजनिक पहिलो गीत ‘कता छौ मेरो फूल’ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाएकोले दोस्रो गीतप्रति पनि उत्तिकै चासो रहने निर्माण पक्षको अपेक्षा छ। निर्माण टिमका अनुसार ‘तिमी बिना’ गीतले फिल्मको कथावाचनलाई अघि बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ।

चलचित्रको निर्देशन दिनेश राउतले गरेका हुन्, जो ‘आइ एम सरी’, ‘नोभेम्बर रेन’ र ‘क्लासिक’ जस्ता सफल प्रेमकथात्मक फिल्मबाट परिचित छन्। पछिल्ला वर्षहरूमा सामाजिक विषयमा आधारित फिल्म बनाउँदै आएका राउत आठ वर्षपछि ‘कुमारी’मार्फत प्रेमकथामा फर्किएका हुन्। फिल्ममा अभिषेक खड्का र आकृति राजभण्डारीसँगै घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकांक्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने, मनषा शर्मा लगायत कलाकारको अभिनय रहेको छ। बिनिश इन्टरटेन्मेन्ट र पिक्चर फ्रेमको सहकार्यमा निर्माण भएको चलचित्रका निर्माता महेन्द्र अधिकारी हुन् भने केदार भुसाल कार्यकारी निर्माताको भूमिकामा छन्। विकास सुवेदीको कथा तथा लेखन, सुप्रिम पराजुलीको सम्पादन र कलर ग्रेडिङ, तथा उत्तम न्यौपानेको साउन्ड डिजाइन रहेको छ। नृत्य निर्देशनमा किरण थापा र शिशिर खाती छन्।

चलचित्रको डिजिटल वितरण केन्द्र मोसन पिक्चर्सले सम्हालेको छ। काठमाडौं उपत्यकामा डिसिएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रिब्युसनमार्फत फिल्म प्रदर्शनमा आउनेछ। पोस्टर तथा पब्लिसिटी डिजाइन ट्राइडेन्ट कन्सेप्टले तयार गरेको हो।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/०६**

**गायत्री इन्जिनियरिङ्ग एण्ड एजुकेशनल ग्रुप प्रा. लि.** को मिति २०८२/०९/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नक्टा बाबा बिल्डर्स प्रा. लि. (दार्ता नं. २९४७८१)** कायम गर्ने गरी मिति २०८२/०९/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## मर्चेन्ट इन्भेष्टमेन्ट कम्पनी लिमिटेड
### बार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०६)**

यस कम्पनीको बार्षिक साधारण सभा यहि मिति **२०८२ पुस २६ गते शनिबार दिउँसो १ बजे व्यञ्जन होटल, अनामनगर, काठमाण्डौंमा** हुने भएकोले सम्बन्धित सबै शेयर सदस्यहरुलाई उपस्थितिका निमित्त अनुरोध गरिन्छ।

**छलफलका बिषयहरुः**
१) आ.व. २०८१/८२ को बार्षिक प्रगति प्रतिवेदन।
२) आ.व. २०८१/८२ को अडिट रिर्पोट सम्बन्धमा।
३) आगामी कार्यक्रम।
४) आ.व. २०८२/८३ को लेखा परिक्षकको नियुक्ति सम्बन्धमा।
५) विविध।

**आज्ञाले**
**कम्पनी सचिव**

## काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

**पहिलो पटक प्रकाशन मिति २०८२/०९/०५**

यस भाफाँटा सामुदायिक वन उपभोक्ता समूह राजापुर न.पा. ०७, बेलासा, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातिको काठ १६१४.२८ घ.फि. र दाउरा ३.३५ चट्टा अनुमानित लगत बमोजिम प्रति ईकाई दररेटमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री भालुफाँटा सामुदायिक वन उपभोक्ता समूह, राजापुर न.पा. ०७ बेलासा, बर्दिया।**
**मो.नं. ९८०४५१८१९ र ९८४६८८९३६७**


## मलेसियामा रोजगार

कम्पनी : HERCULES FORCE SDN BHD शहरः MALAYSIA
पुर्व स्वीकृत मितिः २०८२/०३/१३ चलानी नं.: ६०२४०३४७ L.T. No.: 326343 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 4 | 0 | स. काममा दक्ष | 1700 | ५९,९४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष १३ गते (28 December 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Fair Connect Resource Pvt. Ltd.** श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi-4, Manakamana Galli, Kathmandu Nepal, Tel :- 00977-1-5905737, Email :- agencyfcr@gmail.com

## JORDAN मा रोजगार

कम्पनीः AYYAM FOR RECRUITING DOMESTIC WORKER CO.L.T.D. शहरः AMMAN
पूर्व स्वीकृत मितिः २०८१/०८/०३ चलानी नं.: ६०२२८२१८ LT. No.: 313734 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Cleaner | 10 | 0 | सम्बन्धित काममा दक्ष | 300 | ४२,७६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housemaid | 0 | 40 | | 300 | ४२,७६२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १३ गते (28 December 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**MOUNTAIN GROUP INTERNATIONAL PVT.LTD.** श्रम इजाजत नं. ५५४/०६८/०६९
Tokha-7, Basundhara Chauwki, Kathmandu, Nepal, Ph No: 01- 4987494,4983983
Mob No: 9802068888, Fax: 01-4987495

## कुवेतमा रोजगार

कम्पनीः AVIC INTERNATIONAL HOLDING CORPORATION FOR CONSTRUCTION AND REPAIR OF BRIDGES AND TUNELS CO. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०९/०५ चलानी नं.: ६०२४९१४१ L.T. No.: 335494

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 50 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६९,६०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 50 | 0 | | 95 | ४४,०८३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १३ गते (28 December 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

## साउदीमा रोजगार

कम्पनी : TAMDEEN STEEL COMPANY शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०९/०५ चलानी नं.: ६०२४९१३८ LT. No.:335419

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lording Labors | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ पुस १३ गते (28 December 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com


# सुन्दरहरैंचा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**विराटचोक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## बिद्युतीय माध्यमद्वारा बोलपत्र आब्हानको सुचना

**(प्रथम पटक सुचना प्रकाशन मितिः २०८२/०९/०६)**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमका निर्माण कार्यहरु खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक कम्पनी/फर्महरुले रितपुर्वक बोलपत्र www.bolpatra.gov.np/egp मार्फत तोकिएको म्याद भित्र पेश गर्नुहुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

| सि. नं. | बोलपत्रको विवरण | लागत अनुमान रु (भ्याट र पि.एस सहित) | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रु. | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | SHM/NCB/W/06/2082/083, Construction of RCC Retaining wall and Lohitganga Mukti Ghat Sabdaha Sthal Nirman Sundarharaicha 11 | १,०७,१२,९०९।०७ | ३,०००.०० | २,६०,०००.०० | २०८२/१०/०६ १२.०० बजे |
| २ | SHM/NCB/W/07/2082/083, Blacktopped Road Construction of Sagarmatha Marga Naya Ward Karayalaya Jane Bato, Sundarharaicha 5 | ७७,९८,६५२।३८ | ३,०००.०० | १,९०,०००.०० | २०८२/१०/०६ १२.०० बजे |

अन्य विवरण
१. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ। थप जानकारीका लागि सुन्दरहरैंचा नगरपालिकामा सम्पर्क राख्न सकिनेछ।
२. बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार यस नगरपालिकाको कार्यालयमा निहित रहने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# Division Forest Office
## Mangalsen, Achham
## Sudurpaschim Province, Nepal

### Invitation For E-Bids

**Date of Publication: 2082/09/06**

The Division Forest Office (Achham) invites Online Bids From Eligible Nepalese Bidders For the procurement of the following works:

| S. N. | Description of works and Contract Identification No. | Estimated Cost in NRs. (Including VAT but excluding of Contingency and PS) | Bid Security Fee in NRs. | Bid Document Fee (NRs.) | Last Date of Bid Submission and Opening | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Construction of Sub-Division Ban KaryalayaBhawan (Building Construction) at Bayalpata, Achham(DFO/ACHHAM/NCB/W-01/2082-083) | 38,42,351.14 | 87,000.00 | 3000.00 | Last Date of Bid Submission: 2082/10/07 at 12:00 Hrs. Last Date of Bid Opening: 2082/10/07 at 13:00 Hrs. | |

Name of the Bank:RastriyaBanijya Bank, Mangalsen, AchhamName of Office: District Forest Office, Mangalsen, Achham
Account Name:Pradesh LekhaNiyantrakRajaswaShirshakKhataOffice Code No.: 3070272017
Office Dharauti Account no.: 4260100202030000 Rajaswa Code No.: 14229
Eligible Bidders may obtain futher information from PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**ऐसेलुखर्क, खोटाङ्ग**
**कोशी प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०६**

यस गाउँपालिकाद्वारा तपसिल अनुसारको खरिद तथा निर्माण कार्य शिलबन्दी दरभाउपत्र (e–GP) खरिद प्रक्रियाको माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरुका लागि शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा र ही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ। यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेबसाईट http://www.aiselukharkamun.gov.np वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट https://www.bolpatra.gov.np/egp साथै यस कार्यालयको सूचनापाटी तथा कार्यालय समयमा कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ।

**शिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण**

| Contract Id. No: | Description of Work | Estimated Amount (In Rs. With VAT and PS) | Cost of Bid Document fee (NRs.) | Bid Security Amount (NRs.) | Date and Time of Bid Opening |
